# सहायक बाँस कालीगढ

# (Junior Bamboo Artisan)

## छोटो अवधिको

## पाठ्यक्रम

(दक्षतामा आधारित)


प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

पाठ्यक्रम विकास महाशाखा

सानोठिमी, भक्तपुर

२०७३ आषाढ

# बिषय सूची


विषय ... पेज नं.

लक्ष्य ... ३

उद्देश्यहरु ... ३

पाठ्यक्रमको विवरण ... ३

तालीम अबधि ... ३

लक्षित समूह ... ३

प्रशिक्षार्थी संख्या ... ३

प्रशिक्षण-भाषा ... ३

प्रशिक्षार्थी-उपस्थिति ... ३

प्रवेश-मापदण्ड ... ३

प्रमाण-पत्र ... ४

प्रशिक्षकको योग्यता ... ४

प्रशिक्षक-प्रशिक्षार्थी अनुपात ... ४

तालीम संचालन गर्न आवश्यक भौतिक पूर्वाधार (भवन तथा कोठाहरू ... ४

(ग) सीप-तालीमको लागि सुझाब ... ४

(घ) अन्य सुझाबहरु ... ४

पाठ्य संरचना ... ५

मोड्यूलहरु ... ६

बिस्तृत पाठ्क्रम ... ७

मोड्यूल : १ : परिचय तथा आधारभूत ज्ञान ... ७

मोड्यूल : २ : बांसको उपचार ... ९

मोड्यूल : ३ : चोयाको तयारी ... १८

मोड्यूल : ४ : जोर्नी निर्माण ... २५

मोड्यूल : ५ : बांसबाट सामान उत्पादन ... 32

मोड्यूल : ६ : कार्भिङ्ग ... ५०

मोड्यूल : ७ : फिनिसिङ्ग ... ६१

मोड्युल : ८ : व्यावसायिकता विकास तथा संचार ... ६९

मोड्युल : ९ : उद्यमशीलता विकास ... ७१

औजार तथा सामग्रीहरु ... ७१७

## परिचय

यो पाठ्यक्रम **"सहायक बाँस कालिगढ"** पेशासंग सम्बन्धित छोटो अवधिको सीपमा आधारित पाठ्यक्रम हो । यो बाँस तथा बाँसको जराबाट बनाईने विभिन्न किसिमका सरसामान तथा सजाउन प्रयोग गरिने कलाकृति तयार गर्ने विधा सम्बन्धी सीप र ज्ञानयुक्त निम्नस्तरीय जनशक्ति उत्पादन गर्न तयार गरिएको सीपमा आधारित पाठ्यक्रम हो । प्रशिक्षार्थीहरुले यो पाठ्यक्रमको आधारमा सीप सिकेपछि सम्बन्धित व्यवसायमा स्वरोजगार हुन सक्नेछन् ।

## लक्ष्य

बाँस तथा बांसको जराबाट बनाईने विभिन्न किसिमका सरसामान तथा सजावट लागि प्रयोग सामानहरु बनाउने सीप र ज्ञानयुक्त भई नेपाली जन-समुदायमा यसबाट तयार हुने विभिन्न किसिमका सामग्री एवं सजावटका सामानहरु तयार गरी सेवा दिन सक्ने जनशक्ति उत्पादन गर्ने ।

## उद्देश्यहरु

यो तालीम कार्यक्रम सम्पन्न भइसके पछि प्रशिक्षार्थीहरुले निम्न उद्देश्यहरु पूरा गर्न सक्षम हुनेछन्

- बाँसबाट बिभिन्न प्रकारका सजावटका सामान तयार गर्न
- बाँसबाट बिभिन्न प्रकारका कलाकृतिहरु तयार गर्न

## पाठ्यक्रमको विवरण

यस पाठ्यक्रमले बाँस कालिगढको लागि आवश्यक सीप र ज्ञान प्रदान गर्दछ । यस पाठ्यक्रममा आधारित तालीम कार्यक्रमले एकातर्फ प्रशिक्षकहरुलाई पाठ्यक्रममा समावेश भएका सीप तथा ज्ञानलाई प्रदर्शन गर्न तथा सिकांउँन र अर्को तर्फ प्रशिक्षार्थीहरुलाई अभ्यास गर्न तथा सिक्न प्रचुर मौका दिन्छ । यस तालीम कार्यक्रममा प्रशिक्षार्थीहरुले पाठ्यक्रममा समावेश गरिएका ज्ञान र सीपहरु सिक्नका लागि आवश्यक औजार, उपकरण तथा सामग्रीहरु प्रयोग गरी उक्त ज्ञान र सीपहरु अभ्यास गर्ने र सिक्नेछन ।

यस कार्यक्रममा बाँस तथा बाँसको जराबाट तयार गरिने विभिन्न सरसामानहरु तथा सजावटका लागि प्रयोग गरिने कलाकृतिहरु तयार गर्ने कार्यसँग सम्बन्धित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

## तालीम अबधि

- ३९० घण्टा ।

## लक्षित समूह

- साक्षर
- सम्बन्धित क्षेत्रको लक्षित समूहका व्यक्तिहरु ।

## प्रशिक्षार्थी संख्या

- अधिकतम २० जना ।

## प्रशिक्षण-भाषा

- नेपाली ।

## प्रशिक्षार्थी-उपस्थिति

- सैद्धान्तिकः ८० प्रतिशत ।
- व्यावहारिक (प्रयोगात्मक): ९० प्रतिशत ।

## प्रवेश-मापदण्ड

- साधारण लेखपढ गर्न सक्ने ।

**प्रमाण-पत्र**
यो तालीम सफलतापूर्वक सम्पन्न गर्ने प्रशिक्षार्थीहरुलाई सम्बन्धित तालीम दिने संस्थाले **"सहायक बाँस कालिगढ"** को प्रमाण पत्र प्रदान गर्नेछ ।

**प्रशिक्षकको योग्यता**
- कम्तिमा ८ कक्षा उत्तीर्ण गरेको ।
- सम्बन्धित व्यावसायमा कम्तिमा ५ बर्षको अनुभव ।

**प्रशिक्षक-प्रशिक्षार्थी अनुपात**
- प्रयोगात्मक कक्षा: १ : १०
- सैद्धान्तिक कक्षा : कक्षा कोठाको अवस्थानुसार ।

**तालीम संचालन गर्ने आवश्यक भौतिक पूर्वाधार (भवन तथा कोठाहरू):**

| | | |
|---|---|---|
| क. कार्यालय कोठा | – | १ वटा |
| ख. कक्षा कोठा २० जना अट्ने<br>(कम्तीमा प्रति प्रशिक्षार्थी १ वर्गफिट स्थानको हिसाबले २० वर्ग फिटको कक्षा कोठा हुनुपर्नेछ । कक्षा कोठामा पर्याप्त प्रकाश तथा हावाको व्यवस्था हुनुपर्नेछ ।) | – | १ वटा |
| ग. आगन्तुक कक्ष | - | १ वटा |
| घ. प्रशिक्षक तयारी कक्षा | - | १ वटा |
| ङ. बाँसका सामानहरु बनाउने कोठा<br>(कम्तीमा प्रति प्रशिक्षार्थी १० वर्गफिट स्थानको हिसाबले २० वर्ग फिटको कार्यशाला हुनुपर्नेछ) | - | १ वटा |
| च. आवश्यक सामग्री एवं सर सामान राख्ने तथा दिने/लिने (स्टोर) कोठा | - | १ वटा |

**(ग) सीप-तालीमको लागि सुझाब**

१. कार्य सम्पादन प्रदर्शन गर्ने
- कार्य सम्पादन स्वाभाविक गतिमा प्रदर्शन गर्ने ।
- क्रमानुसार कार्यसम्पादन कदमक्रमहरु मन्द गतिमा मौखिक बर्णन गर्दै प्रश्नोत्तर बिधि अपनाएर प्रत्येक कार्यसम्पादन कदमक्रमहरुलाई प्रशिक्षार्थी समक्ष प्रदर्शन गर्ने ।
- आवश्यकतानुसार दोहोर्‍याउने वा तेहेर्‍याउने ।
- अन्तिम पटक कार्यसम्पादन प्रदर्शन गर्ने ।

२. प्रदर्शित कार्यसम्पादन अभ्यास गर्न प्रशिक्षार्थीहरुलाई यथेष्ट मौका दिने
- प्रशिक्षार्थीहरुलाई पथप्रदर्शीत अभ्यास (गाईडेड प्राक्टिस) गराउने ।
- कार्य अभ्यासको क्रममा प्रशिक्षार्थीहरुलाई कदम कदममा सहयोग वा पथप्रदर्शन (गाईड) गर्ने ।
- कार्य संपादन गर्न निपूर्ण हुनका लागि प्रशिक्षार्थीहरुलाई दोहोर्‍याउने वा पुनः दोहोर्‍याउने मौका प्रदान गर्ने
- दिईएको कार्य संपादन गर्न प्रशिक्षार्थीहरु निपूर्ण भएपछि मात्र प्रशिक्षकले अर्को कार्यसंपादन प्रदर्शन गर्ने ।

**(घ) अन्य सुझाबहरु**

१. सीप तालीमका सिद्धान्तहरु प्रयोग गर्ने ।
२. प्रशिक्षण गर्दा २० प्रतिशत समय सैद्धान्तिक र ८० प्रतिशत समय प्रयोगात्मक कक्षामा प्रयोग गर्ने ।
३. बयश्क सिकाईका सिद्धान्तहरु प्रयोग गर्ने ।
४. आन्तरिक अभिप्रेरणाका सिद्धान्तहरु प्रयोग गर्ने ।

# पाठ्य संरचना

| पेशा : सहायक बाँस कालिगढ |  | समय (घण्टा) |  |  | कैफियत |
|---|---|---|---|---|---|
| मोड्युल | प्रकृति | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा |  |
| १. परिचय तथा आधारभूत ज्ञान | सै. | १० |  | १० |  |
| २. बाँसको उपचार | सै+ प्र | ४ | १६ | २० |  |
| ३. चोयाको तयारी | सै+ प्र | ४ | १६ | २० |  |
| ४. जोर्नी निर्माण | सै+ प्र | ३ | १२ | १५ |  |
| ५. बाँसबाट सामान उत्पादन | सै+ प्र | २० | १३० | १५० |  |
| ६. कार्भिङ्ग | सै+ प्र | १५ | ८५ | १०० |  |
| ७. फिनिसिङ्ग | सै+ प्र | ५ | २० | २५ |  |
| ८. व्यवसायिकता विकास र संचार | सै+ प्र | २ | ८ | १० |  |
| ९. उद्यमशिलता विकास | सै+ प्र | १८ | २२ | ४० |  |
| **जम्मा** |  |  |  | ३९० |  |

सै= सैद्धान्तिक/प्र= प्रयोगात्मक

# मोड्यूलहरु

मोड्यूल : १ परिचय तथा आधारभूत ज्ञान

मोड्यूल : २ बाँसको उपचार

मोड्यूल : ३ चोयाको तयारी

मोड्यूल : ४ जोर्नी निर्माण

मोड्यूल : ५ बाँसबाट सामान उत्पादन

मोड्यूल : ६ कार्भिङ्ग

मोड्यूल : ७ फिनिसिङ्ग

मोड्यूल : ८ उद्यमशिलता विकास

# बिस्तृत पाठ्क्रम

| मोड्यूल : १ : परिचय तथा आधारभूत ज्ञान |
| --- |
| *समय : घण्टा (सै) १० + घण्टा (प्र) ० = १० घण्टा* |

**बर्णन(Description)**: यसमा बाँसबाट निर्माण हुने विभिन्न प्रकारका सामग्री तथा सजावटमा प्रयोग गरिने कलाकृतिका सामान उत्पादन गर्नको लागि योजना बनाउने, ठाउंको छनोट गर्ने, आवश्यक सामाग्रीहरुको अनुमान तथा संकलन तथा यससंग सम्बधित आधारभूत ज्ञान समावेश गरिएका छन् ।

**उद्देश्यहरु(Objectives)** :

- बाँस र यसबाट बन्ने सामान तथा कलाकृति संग परिचित हुने ।
- व्यवहारिक हिसाब किताब राख्न ।
- सुरक्षा, सावधानीका उपायहरु अपनाउन ।
- बाँसका किसिम थाहा पाउन र यसबाट तयार गरिने सामानहरु थाहा पाउन ।

**पाठ्यांश (Contents)** :

१. आधारभूत ज्ञान
- पेशाको परिचय
- बाँसको परिचय
- बाँसबाट तयार गरिने सामानहरुको परिचय

२. व्यावहारिक गणित
- नाप तथा एकाई
- आय व्यय सम्वन्धी हिसाव

३. सुरक्षा सावधानी
- सुरक्षाको परिचय, महत्व
- सुरक्षाका नियमहरु

# कार्य विश्लेषण **(Task Analysis)**
बाँसको उपचार

## मोड्यूल : २ : बांसको उपचार

*समय :  ४ घण्टा (सै) + १६ घण्टा (प्र) = २० घण्टा*

**बर्णन** (**Description**) : यसमा बांसको उपचार गर्ने कार्यसंग सम्बन्धित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

**उद्वेश्य** (**Objective**) :

- बांसको उपचार गर्ने ।

**कार्यहरु** (**Tasks**) :

१) सुर्ती तितेपाटीले बांसको उपचार गर्ने ।

२) धुंवाबाट बांसको उपचार गर्ने ।

३) बगेको अथवा जमेको पानीबाट बांसको उपचार गर्ने ।

४) सोडा (Sodium Sulphate) बाट बांसको उपचार गर्ने ।

५) हाइड्रोजन पेरोक्साइडबाट बांसको उपचार गर्ने ।

६) बोरिक+बोर्याक एसिडबाट बांसको उपचार गर्ने ।

७) उपचार गरिएको बांस ओभानोमा सुकाउने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा ४० मिनेट
सैद्धान्तिक : ४० मिनेट
प्रयोगात्मक : २ घण्टा

**कार्य (Task)** : १. सुर्ती/तितेपातीले बांसको उपचार गर्ने ।

| कार्य चरणहरु<br>**(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य<br>**(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान<br>**(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्रीको संकलन गर्ने ।<br>२) नाप अनुसार बांस टुक्र्याउने ।<br>३) भांडा अनुसारको चुलो बनाउने ।<br>४) भांडा चुलोमा बसाल्ने ।<br>५) भांडामा पानी, आवश्यकता अनुसारको सुर्ति वा तितेपाती राख्ने ।<br>६) आगोमा पकाउने भए करीब २ घण्टा आगो बाल्ने वा चिसो पानीको मिश्रणमा भए २४ घण्टा सम्म बांस डुवाई राख्ने ।<br>७) बांस पानीबाट निकाली सुख्खा ठाउंमा सुकाउने । | **दिईएको (Given)**<br>बांस ।<br>**कार्य (Task):**<br>सुर्ती/तितेपातीले बांसको उपचार गर्ने ।<br>**मापदण्ड (Standard):**<br>● बांसलाई पानी र सुर्ति/तितेपातीको मिश्रणमा २ घण्टा आगोमा पकाएर निकालिएको ।<br>● बांसलाई २४ घण्टा चिसो पानी र सुर्ति/तितेपातीको मिश्रणमा डुवाएर निकालिएको | ● उपचार सम्वन्धी परिचय तथा ज्ञान ।<br>● सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- बांस नाप अनुसार भांडा, सुर्ति/तितेपाती, आगोको लागि उर्जा ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्राथमिक सुरक्षा सम्वन्धी ज्ञान ।
- रसायन सम्बन्धी सुरक्षा अपनाउने ।
- एप्रोन, चस्मा, पंजाको प्रयोग गर्ने ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा ४० मिनेट
सैद्धान्तिक : ४० मिनेट
प्रयोगात्मक : २ घण्ट

**कार्य (Task)** : २. धुंवाबाट बांसको उपचार गर्ने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) नाप अनुसारको बांस टुक्र्याउने ।<br>३) आगो बाल्न चुलो र बांस झुण्ड्याउन र्‍याकको व्यवस्था गर्ने ।<br>४) बांसलाई र्‍याकमा राख्ने ।<br>५) आगो बाली धुंवा बांसमा करीब २ घण्टा राख्ने<br>६) हल्का घाममा सुकाउने । | **दिईएको (Given)**<br>बांस ।<br>**कार्य (Task):**<br>धुंवाबाट बांसको उपचार गर्ने ।<br>**मापदण्ड (Standard):**<br>● बांस खैरो नहुन्जेल बांसमा धुंवा लगाएको । | ● धुंवाबाट बांसको उपचार सम्वन्धी ज्ञान ।<br>● आगो बाल्ने सम्वन्धी ज्ञान ।<br>● सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- र्‍याग, आगोको लागि उर्जा ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्राथमिक सुरक्षा सम्वन्धी ज्ञान ।
- आगोले र तातो पानीले पाल्नबाट सजग हुने ।
- एप्रोन, चस्मा, पंजाको प्रयोग गर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा ४० मिनेट
सैद्धान्तिक : ४० मिनेट
प्रयोगात्मक : ३ घण्टा

**कार्य (Task)** : ३. बगेको अथवा जमेको पानीबाट बांसको उपचार गर्ने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) बांसका आंख्लाहरु सफा गर्ने ।<br>३) आवश्यकता अनुसार बांसलाई टुका पार्ने ।<br>४) बगेको पानीमा बांसको टुप्पा तलतिर पार्ने ।<br>५) जमेको पानीमा बांसलाई पुरै डुव्ने गरी राख्ने ।<br>६) करीब २४ घण्टा पछि बांसलाई पानीबाट निकाल्ने ।<br>७) घाममा नसुकुन्जेल (५/६ घण्टा) सुकाउने । | **दिईएको (Given)**<br>बगेको पानी भएको स्थान, कुलो, उपचार गर्नु पर्ने बांस ।<br><br>**कार्य (Task):**<br>बगेको अथवा जमेको पानीबाट बांसको उपचार गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• फेद माथितिर र टुप्पो तलतिर पर्ने गरी बगेको पानीमा बांस पुरै डुव्ने गरी २४ घण्टा राखेको । | • सम्वन्धित कार्यको ज्ञान ।<br>• बांसको टुप्पा र फेदको बारेमा ज्ञान ।<br>• सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- करौती, चुप्पी ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।
- बांसलाई बग्ने गरी खोलामा अथवा कुलामा राख्ने ।
- एप्रोन, पंजाको प्रयोग गर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा ३० मिनेट
सैद्धान्तिक : ३० मिनेट
प्रयोगात्मक : २ घण्टा

**कार्य (Task) : ४. सोडा (Sodium Sulphate) बाट बांसको उपचार गर्ने ।**

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) नाप अनुसार बांस टुक्रा गर्ने ।<br>३) आवश्यकता अनुसार १० लिटर पानीमा २० ग्राम सोडियम सल्फेट मिलाउने ।<br>४) पानी र सोडाको मिश्रणमा बांसको रंगमा परिवर्तन नआए सम्म डुबाई राख्ने ।<br>५) करीब २४ घण्टा पछि बांस मिश्रणबाट निकाल्ने ।<br>६) निकालिएको बांस सुख्खा स्थानमा राख्ने । | **दिईएको (Given)**<br>बांस, बांस डुबाउन मिल्ने भांडो ।<br><br>**कार्य (Task):**<br>सोडा (Sodium Sulpheed) बाट बांसको उपचार गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• सोडियम सल्फेटको मात्रा मिलाएको ।<br>• बांसको रंगमा परिवर्तन भएको । | • उपचार सम्वन्धी ज्ञान<br>• रसायन सम्वन्धी र मिश्रण सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- बांसको आकार अनुसार भांडा, कास्टिक सोडा (Sodium Sulphate)

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।
- शरीरमा सोडापर्दा पर्न सक्ने असर बारे ज्ञान ।
- एप्रोन, चस्मा, पंजाको प्रयोग गर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : ३० मिनेट
प्रयोगात्मक : २.३० घण्टा

कार्य (Task) : ५. हाइड्रोजन पेरोक्साइडबाट बांसको उपचार गर्ने ।

| कार्य चरणहरु<br>**(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य<br>**(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान<br>**(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्रीको संकलन गर्ने ।<br>२) नाप अनुसार बांसलाई टुक्रा गर्ने ।<br>३) चुलोको व्यवस्था मिलाउने ।<br>४) भांडामा पानी र रसायनको मिश्रणमा बांस राख्ने ।<br>५) पानीको मिश्रणमा बांस राख्ने ।<br>६) करीब २ घण्टा आगो बाल्ने ।<br>७) बांसलाई मिश्रणबाट निकाल्ने ।<br>८) बांसलाई सुख्खा स्थानमा राख्ने । | **दिईएको (Given)**<br>उपचार गर्नु पर्ने बांस ।<br><br>**कार्य (Task):**<br>हाइड्रोजन पेरोक्साइडबाट बांसको उपचार गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● सही अनुपातमा मिश्रण बनाएको ।<br>● मिश्रणमा २ घण्टा बांस डुबाएर आगोमा उमालेको | ● उपचार सम्वन्धी परिचय<br>● रसायन सम्वन्धी ज्ञान ।<br>● मिश्रण सम्वन्धी ज्ञान ।<br>● सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- भांडा, रसायन, उर्जा ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्राथमिक उपचार ज्ञान ।
- एप्रोन, चस्मा, पंजाको प्रयोग गर्ने ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : ३० मिनेट
प्रयोगात्मक : २.३० घण्टा

**कार्य (Task)** : ६. बोरिक+बोर्‍याक एसिडबाट बांसको उपचार गर्ने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्रीको संकलन गर्ने ।<br>२) नाप अनुसार बांस तयार गर्ने ।<br>३) चुलोको व्यवस्था मिलाउने ।<br>४) भांडामा पानी र रसायनको मिश्रण बनाउने ।<br>५) पानीको मिश्रणमा बांस राख्ने ।<br>६) करिब २ घण्टा आगो बल्ने ।<br>७) बांस मिश्रणबाट निकाल्ने ।<br>८) बांसलाई सुख्खा स्थानमा राख्ने । | **<u>दिईएको (Given)</u>**<br>उपचार गर्नु पर्ने बांस ।<br><br>**<u>कार्य (Task):</u>**<br>बोरिक+बोर्‍याक एसिडबाट बांसको उपचार गर्ने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>• सही मात्रामा मिश्रण बनाएको ।<br>• मिश्रणमा २ घण्टा बांस डुबाएर आगोमा उमालेको । | • उपचार सम्वन्धी परिचय ।<br>• रसायन सम्वन्धी ज्ञान ।<br>• मिश्रण सम्वन्धी ज्ञान । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- बोरिक+बोर्‍याक एसिड, भांडा, चुलो,

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- 

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा ३० मिनेट
सैद्धान्तिक : ३० मिनेट
प्रयोगात्मक : २ घण्टा

**कार्य (Task)** : ७. उपचार गरिएको बांसलाई ओभानोमा सुकाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक बांस जम्मा गर्ने ।<br>२) ओभानो ठाउंमा कुचोले सफा गर्ने ।<br>३) बांसलाई ओभानो ठाउंमा करिब १ घण्टा सुकाउने ।<br>४) सुरक्षित स्थानमा भण्डारण गर्ने ।<br>५) सुकाएको बांस बिग्रन नदिन समय समयमा हेर्ने । | **दिईएको (Given)**<br>ओभानो ठाउं, सुकाउनु पर्ने बांसहरु ।<br><br>**कार्य (Task):**<br>उपचार गरिएको बांसलाई ओभानोमा सुकाउने ।<br><br>**मापदण्ड (Standard):**<br>● बांसलाई घाममा सिधै नपारेको ।<br>● बांसलाई चिसोमा नराखेको<br>● ओभानो ठाउंमा सुकाएको । | ● ओभानो चिसो, तातो सम्वन्धी ज्ञान ।<br>● सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- कुचो ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्रयोगात्मक सुरक्षा सम्वन्धी ज्ञान ।
- एप्रोन, पंजाको प्रयोग गर्ने ।

# कार्य विश्लेषण **(Task Analysis)**
चोयाको तयारी

## मोड्यूल : ३ : चोयाको तयारी

*समय : ४ घण्टा (सै) + १६ घण्टा (प्र) = २० घण्टा*

**बर्णन** (**Description**) : यसमा बांसको चोया बनाउने कार्यसंग सम्बधित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

**उद्वेश्य** (**Objective**) :

- चोया बनाउने ।

**कार्यहरु** (**Tasks**) :

१) बाक्लो चोया काट्ने ।
२) पातलो चोया काट्ने ।
३) चौडा चोया काटने् ।
४) सांघुरो चोया काट्ने ।
५) चारपाटे चोया काट्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा ४० मिनेट
सैद्धान्तिक : ४० मीनेट
प्रयोगात्मक : ३ घण्टा

**कार्य (Task)** : १. बाक्लो चोया काट्ने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र कच्चा पदार्थ संकलन गर्ने ।<br>२) नाप अनुसार बांस टुक्रा गर्ने ।<br>३) नाप अनुसार काटेको बांसको टुक्रालाई पानीमा डुवाउने ।<br>४) बांसको टुक्रालाई पानीबाट निकाल्ने ।<br>५) बांसको टुक्रालाई नाप अनुसारको १ देखि २ मि.मि. सम्मको बाक्लो चोया काट्ने ।<br>६) काटेर निकालिएको चोयालाई सफा गरी चिल्याउने ।<br>७) निकालिएको चोयालाई करिब २ घण्टा घाममा सुकाई उचित स्थानमा भण्डारण गर्ने । | **<u>दिईएको (Given)</u>**<br>बांस, पानी राख्ने भाडो ।<br><br>**<u>कार्य (Task):</u>**<br>बाक्लो चोया काट्ने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>• चोयाको मोटाई १ देखि २ मी.मी. सम्मको भएको ।<br>• चोया सफा र चिल्लो भएको । | • बांसको आकार सम्वन्धी ज्ञान ।<br>• बांसको रेसा सम्वन्धी ज्ञान ।<br>• सुरक्षा सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- करौंती, चुप्पी, चक्कु, बाल्टिन, पानी, स्केल ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउन सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान हुनु पर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ४ घण्टा १० मिनेट
सैद्धान्तिक : ४० मीनेट
प्रयोगात्मक : ३ घण्टा ३० मीनेट

**कार्य (Task)** : २. पातलो चोया काट्ने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र कच्चा पदार्थ संकलन गर्ने ।<br>२) नाप अनुसार बांस टुक्रा गर्ने ।<br>३) नाप अनुसार काटेको बांसको टुकालाई पानीमा डुवाउने ।<br>४) बांसको टुकालाई पानीबाट निकाल्ने ।<br>५) बांसको टुकालाई नाप अनुसारको करिब १ मी.मी. भन्दा कम मोटाई हुनेगरी चोया काट्ने ।<br>६) काटेर निकालिएको चोयालाई सफा गरी चिल्याउने ।<br>७) निकालिएको चोयालाई करिब २ घण्टा ओभानो स्थानमा सुकाई उचित स्थानमा भण्डारण गर्ने । | **दिईएको (Given)**<br>बांस, पानी राख्ने भाडो ।<br><br>**कार्य (Task):**<br>पातलो चोया काट्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● १ मी.मी. भन्दा पातलो चोया काटिएको ।<br>● चोया सफा र चिल्लो भएको । | ● बांसको आकार सम्वन्धी ज्ञान ।<br>● बांसको रेसा सम्वन्धी ज्ञान ।<br>● सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- करौंती, चुप्पी, चक्कु, बाल्टिन, पानी, स्केल ।

**सुरक्षा ⁄ साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउन सावधानी अपनाउने ।
- पातलो चोया काट्दा बढी चोटपटक लाग्न सक्ने हुंदा सजग हुने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान हुनु पर्ने ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा ४० मिनेट
सैद्धान्तिक : ४० मीनेट
प्रयोगात्मक : ३ घण्टा

**कार्य (Task)** : ३. चौडा चोया काट्ने ।

| कार्य चरणहरु<br>**(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य<br>**(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान<br>**(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र कच्चा पदार्थ संकलन गर्ने ।<br>२) नाप अनुसार बांस टुक्रा गर्ने ।<br>३) नाप अनुसार काटेको बांसको टुकालाई पानीमा डुवाउने ।<br>४) बांसको टुकालाई पानीबाट निकाल्ने ।<br>५) बांसको टुकालाई नाप अनुसारको ५ से.मी. देखि २५ से.मी. सम्मको चौडा भएको चोया काट्ने ।<br>६) काटेर निकालिएको चोयालाई सफा गरी चिल्याउने ।<br>७) निकालिएको चोयालाई करिब ५ घण्टा घाममा सुकाई उचित स्थानमा भण्डारण गर्ने । | **दिईएको (Given)**<br>बांस, पानी राख्ने भाडो ।<br><br>**कार्य (Task):**<br>चौडा चोया काट्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● ५ देखि २५ से.मी. सम्मको चौडा भएको चोया काटिएको ।<br>● चोया सफा र चिल्लो भएको । | ● बांसको आकार सम्वन्धी ज्ञान ।<br>● बांसको रेसा सम्वन्धी ज्ञान ।<br>● सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- करौंती, चुप्पी, चक्कु, बाल्टिन, स्केल ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउन सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान हुनु पर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ४ घण्टा १० मिनेट
सैद्धान्तिक : ४० मीनेट
प्रयोगात्मक : ३ घण्टा ३० मीनेट

**कार्य (Task)** : ४. सांघुरो चोया काट्ने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र कच्चा पदार्थ संकलन गर्ने ।<br>२) नाप अनुसार बांस टुक्रा गर्ने ।<br>३) नाप अनुसार काटेको बांसको टुकालाई नढाडिएसम्म पानीमा डुवाउने ।<br>४) बांसको टुकालाई पानीबाट निकाल्ने ।<br>५) बांसको टुकालाई नाप अनुसारको ३ मी.मी. भन्दा कम चौडा भएको चोया काट्ने ।<br>६) काटेर निकालिएको चोयालाई सफा गरी चिल्याउने ।<br>७) निकालिएको चोयालाई करिब २ घण्टा ओभानो स्थानमा सुकाई उचित स्थानमा भण्डारण गर्ने । | <u>**दिईएको (Given)**</u><br>बांस, पानी राख्ने भाडो ।<br><br><u>**कार्य (Task):**</u><br>सांघुरो चोया काट्ने ।<br><br><u>**मापदण्ड (Standard):**</u><br>• ३ मी.मीं भन्दा कम चौडा भएको चोया काटिएको ।<br>• चोया सफा र चिल्लो भएको । | • बांसको आकार सम्वन्धी ज्ञान ।<br>• बांसको रेसा सम्वन्धी ज्ञान<br>• सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- करौंती, चुप्पी, चक्कु, बाल्टिन, स्केल, पानी ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउन सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान हुनु पर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ४ घण्टा २० मिनेट
सैद्धान्तिक : ५० मीनेट
प्रयोगात्मक : ३ घण्टा ३० मीनेट

**कार्य (Task) : ५. चारपाटे चोया काट्ने ।**

| कार्य चरणहरु<br>**(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य<br>**(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान<br>**(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र कच्चा पदार्थ संकलन गर्ने ।<br>२) नाप अनुसार बांस टुक्रा गर्ने ।<br>३) नाप अनुसार काटेको बांसको टुकालाई नढाडिएसम्म पानीमा डुवाउने ।<br>४) बांसको टुकालाई पानीबाट निकाल्ने ।<br>५) बांसको टुकालाई नाप अनुसारको मोटाई चौडाई बराबर भएको चोया काट्ने ।<br>६) काटेर निकालिएको चोयालाई सफा गरी चिल्याउने ।<br>७) निकालिएको चोयालाई करिब २ घण्टा घाममा सुकाई उचित स्थानमा भण्डारण गर्ने । | **दिईएको (Given)**<br>बांस, पानी राख्ने भाडो ।<br><br>**कार्य (Task):**<br>चारपाते चोया काट्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• बांसको टुकालाई नाप अनुसारको मोटाई चौडाई बराबर भएको चोया काटिएको ।<br>• चोया सफा र चिल्लो भएको । | • बांसको आकार सम्वन्धी ज्ञान ।<br>• बांसको रेसा सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- करौंती, चुप्पी, चक्कु, बाल्टिन, स्केल, पानी ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउन सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान हुनु पर्ने ।

# कार्य विश्लेषण (Task Analysis)
जोर्नी निर्माण

| मोड्यूल : ४ : जोर्नी निर्माण |
| --- |
| *समय : ३ घण्टा (सै) + १२ घण्टा (प्र) = १५ घण्टा* |
| **बर्णन** (**Description**) : यसमा जोर्नी तयार गर्ने कार्यसंग सम्बधित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।<br><br>**उद्बेश्य** (**Objective**) :<br><br>• जोर्नी तयार गर्ने ।<br><br>**कार्यहरु** (**Tasks**) :<br>१) Butt Joint बनाउने ।<br>२) T Joint बनाउने ।<br>३) Lap Joint बनाउने ।<br>४) Square Joint बनाउने ।<br>५) Rount Joint बनाउने । |

## कार्य विश्लेषण **(Task Analysis)**

कुल समय : २ घण्टा ३० मीनेट
सैद्धान्तिक : ३० मीनेट
प्रयोगात्मक : २ घण्टा

कार्य **(Task)** : १. **Butt Joint** बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र कच्चा पदार्थको संकलन गर्ने ।<br>२) स्केच र नापको राम्रो अध्ययन गर्ने ।<br>३) बांसलाई नाप अनुसार काट्ने ।<br>४) बांसमा Joint को लागि चिन्ह लगाउने ।<br>५) जडान भाग मिलाउने र काट्ने ।<br>६) गम लगाई Joint मिलाई जोड्ने ।<br>७) Joint मा किल्ला ठोक्ने ।<br>८) Joint सही छ, छैन जांच गर्ने । | **दिईएको (Given)**<br>नाप अनुसार टुक्रा गरेको बांस<br><br>**कार्य (Task):**<br>Butt Joint बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• Joint सम्म र एकनाश हुने गरी मिलाएको ।<br>• Joint नफुस्किने गरी किल्ला ठोकिएको । | • Butt Joint सम्वन्धी ज्ञान ।<br>• स्केच सम्वन्धी ज्ञान ।<br>• नाप र Joint सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- करौती, हम्मर, आयकर, रामो, छिना। किल्ला ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्राथमिक सुरक्षा सम्वन्धी जानकारी हुनुपर्ने ।
- Joint बनाउंदा सावधानी अपनाउनु पर्ने ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा ४० मनेट
सैद्धान्तिक : ४० मनेट
प्रयोगात्मक : २ घण्टा

**कार्य (Task) : २. T Joint बनाउने ।**

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) स्केच र नापको राम्रो अध्ययन गर्ने ।<br>३) आवश्यक बांस काट्ने ।<br>४) स्केच अनुसारको कोण मिलाई Joint भाग काट्ने ।<br>५) Joint एक आपसमा मिलाउने ।<br>६) गम लगाई Joint जोड्ने र किल्ला ठोक्ने ।<br>७) Joint सही छ कि छैन जांच गरी हेर्ने । | **दिईएको (Given)**<br>नाप अनुसार टुक्रा गरेको बांस<br><br>**कार्य (Task):**<br>T Joint बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• कोण मिल्ने गरी Joint मिलाएको ।<br>• Joint सरल र स्मूथ देखिएको ।<br>• Joint नफुस्किने गरी किल्ला ठोकिएको । | • T Joint को परिचय ।<br>• नाप र स्केच सम्वन्धी ज्ञान ।<br>• कोणको राम्रो ज्ञान ।<br>• सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- कोण(बटाम), कैंची, करौती, रामो, छिना, हम्मर, गम, किल्ला

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- ज्यामितिय कोण सम्वन्धी ज्ञान हुनुपर्ने ।
- प्राथमिक सुरक्षा सम्वन्धी जानकारी हुनुपर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा ४० मीनेट
सैद्धान्तिक : ४० मीनेट
प्रयोगात्मक : २ घण्टा

**कार्य (Task) : ३. Lap Joint बनाउने ।**

| कार्य चरणहरु (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal performance objective) | सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge) |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) स्केच र नापको राम्रो अध्ययन गर्ने ।<br>३) नाप अनुसारको बांस काट्ने ।<br>४) एक बांसबाट अर्को बांस खप्टिने (Lap) गरी Joint मिलाउने ।<br>५) मिलाएको Joint मा गम राखी किल्ला ठोक्ने ।<br>६) Joint सही छ, छैन जांच गर्ने । | **दिईएको (Given)**<br>नाप अनुसार टुक्रा गरेको बांस<br><br>**कार्य (Task):**<br>Lap Joint बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• Lap को बांस समान आकारको भएको ।<br>• Lap बाहिरको बांकी बांस सामान भएको ।<br>• Joint मा कतै रफ नदेखिएको ।<br>• Joint नफुस्किने गरी किल्ला ठोकिएको । | • Lap Joint को परिचय<br>• बांस समानता सम्वन्धी ज्ञान ।<br>• नाप र स्केच सम्वन्धी ।<br>• सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- करौती, हेक्सा, रामो, छिना, हम्मर ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्राथमिक सुरक्षा सम्वन्धी जानकारी हुनुपर्ने ।
- Lap सम्वन्धी समान हुनुपर्ने ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा १० मिनेट
सैद्धान्तिक : ४० मनेट.
प्रयोगात्मक : २ घण्टा ३० मिनेट

कार्य **(Task)** : ४. **Square Joint** बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र कच्चा पदार्थ संकलन गर्ने<br>२) स्केच र नापको राम्रो अध्ययन गर्ने ।<br>३) नाप अनुसारको बांस काट्ने ।<br>४) बांसको एक आपसमा समान हुने गरी मिलाएर जोड्ने ।<br>५) Joint लाई गम राखी Square हुने गरी मिलाई जोड्ने ।<br>६) जोडिएको भागमा किल्ला ठोक्ने ।<br>७) Joint सही छ, छैन जांच गर्ने । | **दिईएको (Given)**<br>नाप अनुसार टुक्रा गरेको बांस<br><br>**कार्य (Task):**<br>Square Joint बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>● Joint चौकुना हुने गरी जडान गरिएको ।<br>● Joint मा कतै रफ नदेखि चिप्लो भएको ।<br>● Joint नफुस्किने गरी किल्ला ठोकिएको । | ● Square Joint को परिचय ।<br>● चौकुना मिलाउने सम्वन्धी ज्ञान ।<br>● नाप र स्केच सम्वन्धी ज्ञान ।<br>● सुरक्षा र सावधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- करौती, कोण(बटाम), रामो (छिना), हम्मर, गम, किल्ला ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्राथमिक सुरक्षा सम्वन्धी जानकारी हुनुपर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ५ घण्टा ३० मीनेट
सैद्धान्तिक : ३० मीनेट
प्रयोगात्मक : ५ घण्टा

**कार्य (Task) : ५. Round Joint बनाउने ।**

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र कच्चा पदार्थको संकलन गर्ने ।<br>२) स्केच र नापको राम्रो अध्ययन गर्ने ।<br>३) नाप अनुसारको बांस काट्ने ।<br>४) काटेको बांसबाट मोटो भाटा बनाउने ।<br>५) नाप अनुसार व्यास मिल्ने गरी गोलो आकार हुने गरी Joint मिलाउने ।<br>६) गम लगाई Join गर्ने ।<br>७) Joint गम लगाई चोयाले बाढ्ने ।<br>८) Joint मिले नमिलेको चेक गर्ने । | **दिईएको (Given)**<br>नाप अनुसार टुक्रा गरेको बांस ।<br><br>**कार्य (Task)**:<br>Round Joint बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• व्यास समान गरी मिलाएको ।<br>• Joint सरल तथा चिल्लो हुने गरी मिलाएको । | • Round Joint को परिचय ।<br>• नाप र स्केच सम्वन्धी ज्ञान ।<br>• Joint सम्वन्धी ज्ञान ।<br>• व्यास र अर्द्धव्यास सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र साधानी अपनाउने । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- करौती, हम्मर, ह्याक्सो, गम, ड्रिल, किल्ला, व्लो ल्याम्प ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्राथमिक सुरक्षा सम्वन्धी जानकारी हुनुपर्ने ।
- गोलो आकारको वयष्लत बनाउंदा बढी चोटपटक लाग्ने हुंदा सजग हुने ।

# कार्य विश्लेषण **(Task Analysis)**
## बाँसबाट सामान उत्पादन

| मोड्यूल : ५ : बांसबाट सामान उत्पादन |
|---|
| *समय : २० घण्टा (सै) + ११३ घण्टा (प्र) = १३० घण्टा* |

**बर्णन (Description)** : यसमा बांसबाट सामान उत्पादन गर्ने कार्यसंग सम्बधित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

**उद्देश्य (Objective)** :

- बांसको सामान उत्पादन गर्ने ।

**कार्यहरु (Tasks)** :

१) डुङ्गा/जहाज बनाउने ।

२) हाते पंखा बनाउने ।

३) डस्ट बिन बनाउने ।

४) त्रिकोणाकार ट्रे बनाउने ।

५) फोटो फ्रेम बनाउने ।

६) बर्गाकार ट्रे बनाउने ।

७) लेटर बक्स बनाउने ।

८) फुलदानी बनाउने ।

९) पेन स्टेण्ड बनाउने ।

१०) चुरा स्टेण्ड बनाउने ।

११) नेपकिन होल्डर बनाउने ।

१२) पुजा थाली बनाउने ।

१३) बुक र्‍याक बनाउने ।

१४) घडी फ्रेम बनाउने ।

१५) बांसुरी बनाउने ।

१६) बनाएको म्यापलाई टांस्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ११ घण्टा
सैद्धान्तिक : २ घण्टा
प्रयोगात्मक : ९ घण्टा

**कार्य (Task)** : १. डुङ्गा/जहाज बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामान, औजार जम्मा गर्ने ।<br>२) डुङ्गा/जहाजको स्केच बनाउने ।<br>३) स्केचको राम्रो संग अध्ययन गर्ने ।<br>४) आवश्यक नाप अनुसार बांसलाई टुक्रा पार्ने ।<br>५) आवश्यकता अनुसार बांसको चोया बनाउने ।<br>६) स्केचको नाप अनुसार (स्केचको ढांचा) अनुसार चोयालाई आकार दिएर काट्ने ।<br>७) गम लगाएर बिभिन्न टुक्रालाई क्रमशः एक अर्को संगै जोड्दै लैजाने ।<br>८) बनिसकेपछि त्यसलाई राम्रो संग जांच गर्ने ।<br>९) कतै गमले छोडेको छ भने त्यसलाई फेरी गम लगाएर जोड्ने ।<br>१०) विभिन्न भागमा झण्डा, धागो जडान गर्ने ।<br>११) घाममा सुकाई सुरक्षित स्थानमा राख्ने । | **दिईएको (Given)**<br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br>**कार्य (Task):**<br>डुङ्गा/जहाज बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• चारैतिरबाट हेर्दा कतै पनि नढल्किएको ।<br>• दुई साईडमा लाग्ने एकै सामानहरु बराबर साइजका भएको । | • औजार सम्वन्धी ज्ञान ।<br>• बिभिन्न औजार कसरी चलाउने भन्ने ज्ञान ।<br>• स्केच सम्वन्धी सही ज्ञान ।<br>• नाप तौल सम्वन्धी सही ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- करौंती, चक्कु, गम, चुप्पी, कैंची, क्लिप, खाग्सी, कलम, स्केच, टेप, कल, हाकस ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान र सुरक्षा अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : १२ घण्टा
सैद्धान्तिक : २ घण्टा
प्रयोगात्मक : ९ घण्टा

**कार्य (Task)** : २. हाते पंखा बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक कच्चा पदार्थ र औजार संकलन गर्ने ।<br>२) स्केच बनाउने ।<br>३) स्केच अध्ययन गर्ने ।<br>४) बांसलाई नाप अनुसार टुक्रा गर्ने ।<br>५) बांसलाई नाप अनुसार भाटामा छुटाउने ।<br>६) भाटालाई चोयामा निकाल्ने ।<br>७) चोयाको एक छेउमा प्वाल पार्ने र धागोले बाध्ने ।<br>८) चोयालाई पंखाको आकारमा काट्ने ।<br>९) चोयामा कपडा वा कागज टांस्ने ।<br>१०) अनावश्यक भाग हटाउने ।<br>११) घाममा १ घण्टाजति सुकाउने । | **दिईएको (Given)**<br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br>**कार्य (Task)**:<br>हाते पंखा बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• सहि आकारमा चोयामा कागज वा कपडा टांसेको<br>• पंखामा औंलामा घोचिने भाग नदेखिएको । | • स्केच सम्वन्धी ज्ञान ।<br>• औजार सम्वन्धी ज्ञान ।<br>• नाप सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- चुप्पी, खाग्सी, हेक्सो, चक्कु, काठको हम्मर ।

**सुरक्षा ⁄ साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान र सुरक्षा अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : १४ घण्टा
सैद्धान्तिक : २ घण्टा
प्रयोगात्मक : १२ घण्टा

**कार्य (Task)** : ३. डस्ट बिन (बाकस) बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्रीको संकलन गर्ने ।<br>२) स्केच बनाउने ।<br>३) स्केच अध्ययन गर्ने ।<br>४) स्केच अनुसार नापमा बांस टुक्रा गर्ने ।<br>५) बांस टुक्राबाट चोया काट्ने ।<br>६) बाकसको आकारमा चोयाले बुन्ने ।<br>७) रिंग बान्ने ।<br>८) स्केच अनुसार छ, छैन चेक गर्ने ।<br>९) घाममा करिब १ घण्टा सुकाउने ।<br>१०) सुरक्षित स्थानमा राख्ने । | **दिईएको (Given)**<br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br>**कार्य (Task):**<br>डस्ट बिन बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• स्केच अनुसार गोलो आकार भएको ।<br>• चरैतिरको हाईट मिलेको । | • स्केच सम्वन्धी ज्ञान ।<br>• चोया सम्वन्धी ज्ञान ।<br>• चोया बुन्ने ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- गम, चक्कु, चुप्पी, काठको हम्मर, टेप, करौती, कैंची, सुइरो ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ७ घण्टा

**कार्य (Task)** : ४. त्रिकोणाकार ट्रे बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्रीहरु संकलन गर्ने ।<br>२) स्केच तयार गर्ने ।<br>३) स्केचको राम्रो अध्ययन गर्ने ।<br>४) बांसलाई आवश्यक नापमा काट्ने ।<br>५) स्केचको नाप अनुसार बांसका विभिन्न साईजका चोयाहरु काट्ने ।<br>६) चोयाका चुच्चोहरु गमले जोडेर स्केच अनुसारको फ्रेम बनाउने ।<br>७) फ्रेममा गम लगाएको ठाउंमा चोयाले बुन्ने र Smooth बनाउने ।<br>८) सानो चोयाले बुनेको फ्रेममा टपको चोया टास्ने<br>९) घाममा करिब १ घण्टा सुकाउने ।<br>१०) सफा गरी सुरक्षित स्थानमा भण्डारण गर्ने । | **<u>दिईएको (Given)</u>**<br><br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br>**<u>कार्य (Task)</u>:**<br><br>त्रिकोणाकार ट्रे बनाउने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br><br>● त्रिकोणका तीनैवटा कोण बराबर भएको ।<br>● तीनैवटा कोणहरु Smooth देखिएको । | ● स्केच सम्वन्धी ज्ञान ।<br>● औजार सम्वन्धी ज्ञान ।<br>● नाप सम्वन्धी ज्ञान ।<br>● बुनाई सम्बन्धी ज्ञान ।<br>● सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- चक्कु, स्केल, गम, चुप्पी, क्लिप, खाग्सी ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ७ घण्टा

**कार्य (Task)** : ५. फोटो फ्रेम बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्रीहरु संकलन गर्ने ।<br>२) स्केच बनाउने ।<br>३) स्केचको राम्रो अध्ययन गर्ने ।<br>४) नाप अनुसार बांस टुक्रयाउने ।<br>५) आवश्यकता अनुसार बाक्लो, पातलो, चोया निकालने ।<br>६) बाक्लो चोयाबाट स्केच अनुसार फ्रेम तयार गर्ने ।<br>७) तयार भएको फ्रेममा पातलो चोयाबाट नेटिङ्ग बुन्ने ।<br>८) बाक्लो चोयाले कभर लगाउने ।<br>९) सिसा र फोटोमा लक लगाउने ।<br>१०) हाण्डिल र स्टायण्ड लगाउने ।<br>११) घाममा करिब १ घण्टा सुकाउने ।<br>१२) सुकेपछि सफागरी भण्डारण गर्ने । | **दिईएको (Given)**<br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br>**कार्य (Task):**<br>फोटो फ्रेम बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• फोटोको नाप अनुसार आकर्षक कभर भएको फोटो फ्रेम बनाएको । | • स्केच सम्वन्धी ज्ञान ।<br>• औजार सम्वन्धी ज्ञान ।<br>• नाप सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- किला, चक्कु, टेप, हेक्सो, स्केल, गम, चुप्पी, क्लिप, कैंची, बटाम, ग्रेण्डर, खाग्सी ।

**सुरक्षा ⁄ साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ७ घण्टा

**कार्य (Task)** : ६. बर्गाकार ट्रे बनाउने ।

| कार्य चरणहरु<br>**(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य<br>**(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान<br>**(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) स्केच बनाउने ।<br>३) स्केचको राम्रो अध्ययन गर्ने ।<br>४) बांसलाई नाप अनुसार टुक्रा गर्ने ।<br>५) काटेको बांसबाट आवश्यकता अनुसार बाक्लो पातलो चोया निकाल्ने ।<br>६) बाक्लो चोयाबाट स्केच अनुसार फ्रेम तयार गर्ने ।<br>७) तयार भएको फ्रेममा गमको सहयोगमा पातलो र मसिनो चोयाले बुन्ने ।<br>८) टप कभर लगाउने ।<br>९) स्केच अनुसार भए नभएको जांच गर्ने ।<br>१०) करिब १ घण्टा घाममा सुकाउने ।<br>११) सफागरी सुरक्षित स्थानमा भण्डारण गर्ने । | <u>**दिईएको (Given)**</u><br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br><u>**कार्य (Task)**</u>:<br>बर्गाकार ट्रे बनाउने ।<br><br><u>**मापदण्ड (Standard):**</u><br>• नाप र स्केच अनुसार ट्रे को आकार बर्गाकार भएको ।<br>• ट्रे को आकार अनुसारको सुहाउदो हेण्डल लगाएको | • स्केच सम्वन्धी ज्ञान<br>• औजार सम्वन्धी ज्ञान<br>• नाप सम्वन्धी ज्ञान ।<br>• बुनाई सम्वन्धी ज्ञान<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- कैंची चक्कु, हेक्सो, करौती, गम, ड्रिल, ग्रेण्डर, टेप ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ७ घण्टा

**कार्य (Task)** : ७. लेटर बक्स बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) स्केच तयार गर्ने ।<br>३) स्केचको राम्रो अध्ययन गर्ने ।<br>४) नाप अनुसार बांस काट्ने ।<br>५) आवश्यकता अनुसार बाक्लो, पातलो चोया निकाल्ने ।<br>६) स्केच अनुसार बाक्लो चोयाबाट सवै फ्रेम तयार गर्ने ।<br>७) तयार भएका फ्रेममा पातलो चोयाबाट जाली बुन्ने ।<br>८) तयार भएका फ्रेमको जालीलाई एक अर्कोमा आकार र साइज अनुसार जडान गर्ने ।<br>९) बिट वा कभर लगाउने ।<br>१०) स्केच अनुसार भए नभएको जांच गर्ने ।<br>११) करिब १ घण्टा घाममा सुकाउने ।<br>१२) सुकेपछि सफागरी सुरक्षित स्थानमा भण्डारण गर्ने । | **दिईएको (Given)**<br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br>**कार्य (Task):**<br>लेटर बक्स बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• डिएको साइज अनुसार बिट र कभर भएको लेटर बक्स तयार गरेको ।<br>• ज्यामितिय आकारमा मिलेको । | • औजार सम्वन्धी ज्ञान ।<br>• नाप सम्वन्धी ज्ञान ।<br>• ज्यामितिय आकार र साइजको ज्ञान ।<br>• बुनाई सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- चक्कु, चुप्पी, हेम्मर, हेक्सो, करौती, गम, ड्रिल, ग्रेण्डर, टेप ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ७ घण्टा

**कार्य (Task) : ८. फुलदानी बनाउने ।**

| कार्य चरणहरु (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal performance objective) | सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge) |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) स्केच तयार गर्ने ।<br>३) स्केचको राम्रो अध्ययन गर्ने ।<br>४) नाप अनुसार बांसलाई टुका पार्ने ।<br>५) आवश्यकता अनुसारको चोया काट्ने ।<br>६) बाक्लो चोयाको फ्रेम बनाउने ।<br>७) फ्रेममा नाप अनुसारको पातलो चोयाबाट गम लगाई जाली बुन्ने ।<br>८) बुनेको फ्रेमलाई फूलदानी आकारमा एक आपसमा जोड्ने ।<br>९) कभर र बिट लागाउने ।<br>१०) नाप अनुसार भए नभएको चेक गर्ने ।<br>११) घाममा करिब १ घण्टा सुकाउने ।<br>१२) सुकेपछि सफागरी सुरक्षित स्थानमा भण्डारण गर्ने । | **दिईएको (Given)**<br>सामान बनाउन टुका पारी तयार गरेको बांस ।<br><br>**कार्य (Task):**<br>फुलदानी बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>● प्यानलहरु एक आपसमा बराबर मिलेको ।<br>● स्केच अनुसारको बाक्लो चोयाको फ्रेम भएको फूलदानी तयार गरेको । | ● स्केच सम्वन्धी जानकारी ।<br>● हतियार सम्वन्धी जानकारी<br>● नाप सम्वन्धी जानकारी ।<br>● सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- चक्कु, सकेल, खाग्सी, करौती, गम, चुप्पी ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ७ घण्टा

**कार्य (Task) : ९. पेन स्टेण्ड बनाउने ।**

| कार्य चरणहरु<br>**(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य<br>**(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान<br>**(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) स्केच तयार गर्ने ।<br>३) स्केचको राम्रो अध्ययन गर्ने ।<br>४) नाप अनुसारको बांस टुक्रा गर्ने ।<br>५) आवश्यकतानुसार बाक्लो, पातलो, चौडा, मसिनो, चोया बनाउने ।<br>६) नाप अनुसारको फ्रेम तयार गर्ने ।<br>७) फ्रेममा पातलो, मसिनो चोयाबाट जाली बुन्ने ।<br>८) चौडा चोयाबाट कभर लगाउने ।<br>९) बनाइएको फ्रेमको साइज अनुसार एक आपसमा जडान गर्ने ।<br>१०) नाप र स्केच अनुसार भए नभएको चेक गर्ने ।<br>११) तयारी पेन स्टायण्डलाई करिब १ घण्टा घाममा सुकाउने ।<br>१२) सुकेपछि सफा गरेर सुरक्षित स्थानमा राख्ने । | **दिईएको (Given)**<br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br>**कार्य (Task):**<br>पेन स्टेण्ड बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• पेनको लम्बाईको नापसंग मिल्ने र सजिलैसंग पेन अट्ने स्टेण्ड बनाएको ।<br>• सफा र चिप्लो भएको । | • पेन स्टेण्डको परिचय ।<br>• स्केच सम्वन्धी जानकारी<br>• ज्यामितिय आकार सम्वन्धी ज्ञान ।<br>• सुरक्षा तथा सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- कैंची, चक्कु, स्केल, खाग्सी, ड्रिल, ग्रेण्डर, करौती, हेक्सो ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ७ घण्टा

**कार्य (Task) : १०. चुरा स्टेण्ड बनाउने ।**

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) स्केच तयार गर्ने ।<br>३) स्केचको राम्रो संग अध्ययन गर्ने ।<br>४) नाप अनुसारको बांस टुक्रयाउने ।<br>५) टुक्रा पारेका बांसमा प्वाल पार्ने ।<br>६) नाप अनुसार बांसमा प्वाल पार्ने ।<br>७) प्वालमा नाप अनुसारका अरु बांसका सिन्काहरु गम लगाएर जोड्ने ।<br>८) बेसमा अलि फराकिलो पाता राख्ने ।<br>९) घाममा करिब १ घण्टा सुकाउने ।<br>१०) सुकेपछि सुरक्षित स्थानमा राख्ने । | **दिईएको (Given)**<br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br>**कार्य (Task):**<br>चुरा स्टेण्ड बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• चुरा राख्दा एक आपसमा नजुधेको ।<br>• चुरा सजिलै झिक्न राख्न सकिने भएको ।<br>• चुरा राख्दा झिक्दा नढल्किने भएको ।<br>• फिनिसिङ्ग राम्रो र चिल्लो भएको । | • चुरा स्टेण्डको परिचय ।<br>• स्केच सम्वन्धी जानकारी ।<br>• हतियार सम्वन्धी ज्ञान ।<br>• नाप सम्वन्धी जानकारी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- चक्कु, स्केल, चुप्पी, खाग्सी, कलम, करौती ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ७ घण्टा

**कार्य (Task)** : ११. नेपकिन होल्डर बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र कच्चा पदार्थको सही छनौट गर्ने ।<br>२) स्केच तयार गर्ने ।<br>३) स्केचको राम्रो संग अध्ययन गर्ने ।<br>४) नाप अनुसारको बांस टुक्याउने ।<br>५) आवश्यक अनुसार बाक्लो, पातलो, मसिनो, चोया निकाल्ने ।<br>६) बाक्लो चोयाबाट नाप अनुसार फ्रेम बनाउने ।<br>७) फ्रेममा पातलो र मसिनो चोया बुन्ने ।<br>८) बुनेको फ्रेमलाई स्केच अनुसार एक आपसमा जडान गर्ने ।<br>९) फराकिलो पाताले बेस बनाउने ।<br>१०) स्केच र नाप अनुसार भए नभएको चेक गर्ने ।<br>११) घाममा करिब १ घण्टा सुकाउने ।<br>१२) सुकेपछि सुरक्षित स्थानमा भण्डारण गर्ने । | **दिईएको (Given)**<br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br>**कार्य (Task):**<br>नेपकिन होल्डर बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• Nepkin पेपरको साईज अनुसार Nepkin अट्ने होल्डर भएको । | • नेपकिन होल्डरको परिचय ।<br>• स्केच र नाप सम्वन्धी जानकारी ।<br>• ज्यामितिय आकार सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- कैंची, चक्कु, हेक्सा, हेमर, ड्रिल, ग्रेण्डर ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

# कार्य विश्लेषण **(Task Analysis)**

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ७ घण्टा

**कार्य (Task)** : १२. पुजा थाली बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) स्केच बनाउने ।<br>३) स्केचको राम्रो संग अध्ययन गर्ने ।<br>४) नाप अनुसार बांस काट्ने ।<br>५) आवश्यक नाप अनुसार चोया काट्ने ।<br>६) चोयालाई स्केचको नाप अनुसार टुक्रा पार्ने ।<br>७) टुक्रा पारेको चोयालाई गम लगाई एक आपसमा जोड्दै लैजाने ।<br>८) फराकिलो चोयाको बेस बनाउने ।<br>९) कपको side bar बनाउने र जोड्ने ।<br>१०) बांसको कवको हेण्डल लगाउने ।<br>११) स्केच अनुसार भए नभएको रुजु गर्ने ।<br>१२) घाममा करिब १ घण्टा सुकाउने । | **दिईएको (Given)**<br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br>**कार्य (Task):**<br>पुजा थाली बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• उचाइ सामान भएको ।<br>• थालीको बराबर दुइ छेउमा हेण्डल लगाएको । | • स्केच सम्वन्धी ज्ञान ।<br>• औजार सम्वन्धी ज्ञान ।<br>• नाप सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- कैंची, चक्कु, चुप्पी, करौती, कलम, प्लाष्टिक स्केल ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ९ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ८ घण्टा

**कार्य (Task)** : १३. बुक र्‍याक बनाउने ।

| कार्य चरणहरु<br>**(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य<br>**(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान<br>**(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्रीको संकलन गर्ने ।<br>२) स्केच तयार गर्ने ।<br>३) स्केचको राम्रोसंग अध्ययन गर्ने ।<br>४) नाप अनुसारको बांसलाई टुक्रा पार्ने ।<br>५) आश्यक साईजमा बांसको भांटा बनाउने ।<br>६) काठको फ्रेममा टख्ता मिलाई किल्लाले भांटा ठोक्ने ।<br>७) नक्सा अनुसारको फ्रेम तयार पार्ने ।<br>८) फ्रेममा गम, किल्लाको सहायताले जाली बुन्ने ।<br>९) दायां, बायां र पछाडि पनि भांटा ठोक्ने ।<br>१०) स्केच अनुसारको फ्रेम तयार भए नभएको रुजु गर्ने ।<br>११) घाममा करिब १ घण्टा सुकाउने । | <u>**दिईएको (Given)**</u><br><br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br><u>**कार्य (Task)**:</u><br><br>बुक र्‍याक बनाउने ।<br><br><u>**मापदण्ड (Standard):**</u><br><br>• र्‍याकको उचाई समान भएको ।<br>• किताव सजिलै संग राख्न र झिक्न सकिएको ।<br>• र्‍याकको दायां, बायां र पछाडि ठोकेको भांटा गमले टांसेर Smooth बनाएको । | • बुक र्‍याकको परिचय<br>• स्केच सम्वन्धी ज्ञान ।<br>• औजार सम्वन्धी ज्ञान ।<br>• नाप सम्वन्धी ज्ञान । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- कैंची, चक्कु, चुप्पी, करौंती, स्केल, हेक्सो, हेम्मर, ग्रेण्डर, क्लिप, कलम, गम, किला ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- पंजा, हेल्मेट, चश्मा, सेफ्टी बुट आदिको प्रयोग गर्ने ।
- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ७ घण्टा

**कार्य (Task) : १४. घडी फ्रेम बनाउने ।**

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) स्केच तयार गर्ने ।<br>३) स्केचको राम्रोसंग अध्ययन गर्ने ।<br>४) नाप अनुसारको बांसलाई टुक्रा पार्ने ।<br>५) टुक्र्याएको बांसबाट आवश्यकता अनुसार बाक्लो, पातलो, चौडा, मसिनो, चोया काट्ने ।<br>६) बाक्लो चोयाबाट फ्रेम तयार गर्ने ।<br>७) फ्रेममा मसिनो चोया बुनी टांस्ने ।<br>८) घडीको मेशिन फ्रेम भित्र जोड्ने ।<br>९) घडीको सुई सहि तरीकाले चल्छ चल्दैन चेक गर्ने ।<br>१०) बाक्लो चोयाको स्ट्याण्ड र हेण्डिल लगाउने ।<br>११) घडी सहि तरीकाले चल्छ वा चल्दैन जांच गर्ने ।<br>१२) नाप अनुसार सहि छ छैन जांच गर्ने ।<br>१३) करिब १ घण्टा घाममा सुकाउने । | <u>**दिईएको (Given)**</u><br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br><u>**कार्य (Task):**</u><br>घडी फ्रेम बनाउने ।<br><br><u>**मापदण्ड (Standard):**</u><br>● फ्रेमभित्र सजिलै संग घडी अटेको ।<br>● घडीको सुइहरु र अङ्क सहि स्थानमा भएको ।<br>● घडिको बनावट आकर्षक र कलायुक्त देखिएको । | ● घडी फ्रेमको परिचय ।<br>● स्केच सम्वन्धी ज्ञान ।<br>● घडी चल्ने सम्वन्धी ज्ञान ।<br>● नाप सम्वन्धी ज्ञान ।<br>● सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- कैंची, चक्कु, चुप्पी, करौंती, स्केल, हेक्सो, हेम्मर, ग्रेण्डर, क्लिप, कलम, गम, किला, ड्रिल ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- एप्रोन, चश्मा लगाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ५ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ४ घण्टा

**कार्य (Task) : १५. बाँसुरी बनाउने ।**

| कार्य चरणहरु (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal performance objective) | सम्बन्धित प्राबिधिक ज्ञान (Related technical knowledge) |
|---|---|---|
| १) आवश्यक सामग्री र औजार संकलन गर्ने ।<br>२) अर्डर अनुसारको स्केच तयार गर्ने ।<br>३) स्केच र नापको अध्ययन गर्ने ।<br>४) नाप अनुसार बांसलाई १८ इन्चको हुने गरी टुक्रा गर्ने ।<br>५) नाप स्केच अनुसार बांसमा बासुरीको आकारमा प्वाल बनाउने ।<br>६) एकापट्टिको प्वाल बन्द गर्ने ।<br>७) प्वाल बन्द गरिएको भागको एक छेरबाट २.५ ईन्च टाढा हावा फुक्नको लागि प्वाल पार्ने ।<br>८) विभिन्न स्वरहरु निकाल्न बासुरीको बीच भागमा औंलाले छोपिने साइजको ८ वटा प्वाल बनाउने ।<br>९) आवाज सही तरिकाले निस्केको छ छैन चेक गर्न बजाएर हेर्ने ।<br>१०) ब्रसले सफा गर्ने । | **दिईएको (Given)**<br>बाँसको जरा ।<br><br>**कार्य (Task):**<br>बासुरी बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• बासुरीको प्वालहरु नाप स्केच अनुसार फरक बनाइएको ।<br>• बनाइएका ८ वटा प्वालहरु दुइ हातका औंलाले छोप्न र खोल्न सकिने गरी स्मूठ बनाइएको ।<br>• बजाउंदा छुट्टाछुट्टै मिठो आवाज निस्केको । | • नाप स्केच सम्वन्धी जानकारी ।<br>• कार्भिङ्ग सम्वन्धी ज्ञान ।<br>• औजार सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- विभिन्न आकारको छिना, रामो, ब्रस, सिसाकलम, काठको हामर, करौटी, हाक स, गन स्टोभ, रबर, सलाई, मट्टीतेल, चक्कु, खाग्सी, ज्यामिती बक्स ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- औजार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ७ घण्टा

**कार्य (Task)** : १६. बनाएको म्यापलाई टांस्ने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) स्केच तयार गर्ने ।<br>३) स्केचको राम्रोसंग अध्ययन गर्ने ।<br>४) म्यापलाई एउटा बोर्डमा टांस्ने ।<br>५) बोर्डको चारैतिर डिजाइन गरिएका बिभिन्न आकार प्रकारका बांसका बस्तु टांस्ने ।<br>६) हाइलाइट गरिएका स्थानहरुलाई रबरले तन्काएर देखाउने ।<br>७) फ्रेमको माथिल्लो दुइ साइडमा मेटलको हेंगर लगाउने ।<br>८) बाहिर सिसाको फ्रेम बनाउने ।<br>९) सफा गरी सुरक्षित साथ भण्डारण गर्ने । | **<u>दिईएको (Given)</u>**<br><br>सामान बनाउन टुक्रा पारी तयार गरेको बांस ।<br><br>**<u>कार्य (Task)</u>:**<br><br>बनाएको म्यापलाई टांस्ने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br><br>• हाइलाईट गरिएको स्थानमा स्केच टांसिएको ।<br>• टांसिएको स्केच हेर्दा आकर्षक देखिएको ।<br>• फ्रेमको भार अनुसारको हेंगर लगाइएको । | • स्केच सम्वन्धी ज्ञान ।<br>• औजार सम्वन्धी ज्ञान ।<br>• नाप सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- कैंची, चक्कु, चुप्पी, करौंती, स्केल, हेक्सो, हेम्मर किला, गम, पेन्चिस, मेटलको हेंगर ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

# कार्य विश्लेषण (Task Analysis)
कार्भिङ्ग

## मोड्यूल : ६ : कार्भिङ्ग

*समय : १५ घण्टा (सै) + ८५ घण्टा (प्र) = १०० घण्टा*

**बर्णन (Description)** : यसमा बाँसको जरामा बुट्टा कोरी/कार्भिङ्ग गरी विभिन्न किसिमका सजावटका सामानहरु उत्पादन गर्ने कार्यसंग सम्बधित ज्ञान र सीपहरु समावेश गरिएका छन्।

**उद्देश्य (Objective)** :

- कार्भिङ्ग गर्ने/बुट्टा कोर्ने।

**कार्यहरु (Tasks)** :

१) Elephant Head बनाउने।
२) Lizard बनाउने।
३) सर्प बनाउने।
४) सुगा बनाउने।
५) मनिसको टाउको बनाउने।
६) बर्गाकार आकारमा कार्भिङ्ग गर्ने।
७) फूलको आकारमा कार्भिङ्ग गर्ने।
८) अनियमित आकारमा कार्भिङ्ग गर्ने।
९) गजुरको आकारमा कार्भिङ्ग गर्ने।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : १७ घण्टा ३० मिनेट
सैद्धान्तिक : १ घण्टा ३० मिनेट
प्रयोगात्मक : १६ घण्टा

कार्य **(Task)** : १. **Elephant Head** बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक औजार सामग्रीको संकलन गर्ने ।<br>२) अर्डर अनुसारको स्केच तयार गर्ने ।<br>३) स्केच र नापको अध्ययन गर्ने ।<br>४) बाँसको जरा सफा गर्ने ।<br>५) स्केच अनुसार Elephant Head को कान, नाक, आंखा, सुंडको आकार बनाउने ।<br>६) Elephant Head स्केच अनुसार छ छैन चेक गर्ने ।<br>७) Elephant Head ब्रसले सफा गर्ने ।<br>८) Elephant Head लाई सुरक्षित स्थानमा राख्ने । | **दिईएको (Given)**<br>बाँसको जरा ।<br><br>**कार्य (Task)**:<br>Elephant Head बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• टोकाको दुइतिर आँखा र आंखाको पछाडि कान बनाएको ।<br>• दुइ वटा आंखाको बीचबाट तलतिर फर्कनेगरी सुंड तयार गरेको । | • नाप स्केच सम्वन्धी जानकारी ।<br>• कार्भिङ्ग सम्वन्धी ज्ञान ।<br>• औजार सम्वन्धी ज्ञान ।<br>• सुरक्षा रसावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- विभिन्न साइजको रामो, काठको हामर, करौटी, चक्कु , ज्यामिती बक्स ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : १३ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : १२ घण्टा

**कार्य (Task) : २. Lizard बनाउने ।**

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक औजार सामग्रीको संकलन गर्ने ।<br>२) अर्डर अनुसारको स्केच तयार गर्ने ।<br>३) स्केच र नापको अध्ययन गर्ने ।<br>४) बाँसको जरा सफा गर्ने ।<br>५) जिउको भागमा अर्च चन्द्र आकारको बुट्टा बनाउने ।<br>६) टाउकाको दुइतिर आंखा बनाएको ।<br>७) स्केच अनुसार खुट्टाको भागको बुट्टा कोर्ने ।<br>८) शरीरको माथिल्लो पूरै भागमा समान तरिकाले जरा बाकि राख्ने ।<br>९) पुच्छरको भाग मसिनो लाम्चो आकारको बनाएको ।<br>१०) स्केच अनुसार Lizard छ छैन चेक गर्ने ।<br>११) ब्रसले सफा गर्ने । | **दिईएको (Given)**<br>बाँसको जरा ।<br><br>**कार्य (Task):**<br>Lizard बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>● अगडिको दुइ्वटा र पछाडिको दुइवटा खुट्टा समान भएको ।<br>● दुइवटा आँखाको आकार बराबर भएको ।<br>● जीउको भागभन्दा पुच्छर क्रमशः मसिनो हुदै गएको । | ● नाप स्केच सम्वन्धी जानकारी ।<br>● कार्भिङ्ग सम्वन्धी ज्ञान ।<br>● औजार सम्वन्धी ज्ञान ।<br>● सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- विभिन्न आकारको छिना, रामो, काठको हामर, करौटी, चक्कु, खाग्सी, ब्रस, ज्यामिती बक्स ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- औजार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ५ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ४ घण्टा

**कार्य (Task)** : ३. सर्प बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राविधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री, औजार र कच्चा पदार्थको संकलन गर्ने ।<br>२) स्केच तयार गर्ने ।<br>३) स्केच र नापको अध्ययन गर्ने ।<br>४) बाँसको जरा सफा गर्ने ।<br>५) टाउको, आँखा र मुखको भागको साइज बनाउने ।<br>६) शरीरलाई सकेजति अंग्रेजी एस S आकारमा मोड्ने ।<br>७) टाउकाको अगाडिको भागमा जरा दुइ चिरा बनाई सर्पको जिब्रो बनाउने ।<br>● शरीरमा सर्पको आकारको अर्ध चन्द्रकार बुट्टाहरु कोर्ने ।<br>● ब्रसले सफा गर्ने । | <u>दिईएको (Given)</u><br>बाँसको जरा ।<br><br><u>कार्य (Task)</u>:<br>सर्प बनाउने ।<br><br><u>मापदण्ड (Standard):</u><br>● अगाडिको दुइवटा आँखाको बीच भागमा जिब्रो राखिएको ।<br>● सर्पको पछाडिको भाग साँगुरो बनाएको ।<br>● जिउको आकार अंग्रेजी एस S जस्तो देखिएको । | ● बाँसको जरा सम्बन्धी ज्ञान ।<br>● नाप स्केच सम्वन्धी जानकारी ।<br>● कार्भिङ्ग सम्वन्धी ज्ञान ।<br>● औजार सम्वन्धी ज्ञान ।<br>● सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- विभिन्न आकारको छिना, रामो, ब्रस, सिसाकलम, काठको हामर, करौटी, चक्कु, खाग्सी, ब्रस, ज्यामिती बक्स, कैची ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- औजार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ७ घण्टा

**कार्य (Task)** : ४. सुगा बनाउने ।

| कार्य चरणहरु<br>**(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य<br>**(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान<br>**(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र औजार संकलन गर्ने ।<br>२) अर्डर बमोजिमको स्केच तयार गर्ने ।<br>३) स्केच र नापको अध्ययन गर्ने ।<br>४) बाँसको जरा सफा गर्ने ।<br>५) अनाबश्यक जराहरु हटाउने ।<br>६) रामो, छिना तथा चक्कुले जरामा सुगाको आकार निकाल्ने ।<br>७) सुगाको आकारमा आएपछि ब्रसले सफा गर्ने ।<br>८) टाउकाको भागको दुइतिर आंखा बनाउने ।<br>९) दुइ आंखाको बीचमा नाकको प्वला र मुख लामो बनाउने ।<br>१०) जिउमा पखेटाको आकारको बुट्टा कोर्ने ।<br>११) फेरी ब्रसले सफा गर्ने । | <u>**दिईएको (Given)**</u><br>बाँसको जरा ।<br><br><u>**कार्य (Task)**:</u><br>सुगा बनाउने ।<br><br><u>**मापदण्ड (Standard):**</u><br>• दुइवटा आंखाको बीचमा लामो तथा नुहिएको मुख राखिएको ।<br>• घांटीमा रिंगको बुट्टा बनाइएको ।<br>• बेसमा राख्दा नढल्ने भएको | • बाँसको जरा सम्बन्धी ज्ञान ।<br>• नाप स्केच सम्वन्धी जानकारी ।<br>• कार्भिङ्ग सम्वन्धी ज्ञान ।<br>• औजार सम्वन्धी ज्ञान ।<br>• सुरक्षा रसावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- विभिन्न आकारको छिना, ब्रस, काठको हामर, करौटी, हाक स, टेप, कैंची, रबर, चक्कु, खाग्सी, ज्यामिती बक्स ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- औजार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : १९ घण्टा ३० मिनेट
सैद्धान्तिक : २ घण्टा ३० मिनेट
प्रयोगात्मक : १७ घण्टा

**कार्य (Task) : ५. मानिसको टाउको बनाउने ।**

| कार्य चरणहरु<br>**(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य<br>**(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान<br>**(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र औजार संकलन गर्ने ।<br>२) अर्डर बमोजिमको स्केच तयार गर्ने ।<br>३) स्केच र नापको अध्ययन गर्ने ।<br>४) बाँसको जरा सफा गर्ने ।<br>५) अनाबश्यक जराहरु हटाउने ।<br>६) नाक, कान, आंखा र मुखको सेप निकाल्ने ।<br>७) आवश्यक औजारको सहायताले स्केचको आकारमा ढाल्दै जाने ।<br>८) दुइ आँखाको माथि आखिभौको बुट्टा कोरेको ।<br>९) टाउकाको माथिल्लो भागमा कपालको बुट्टा कोर्ने ।<br>१०) बनेको आकृतिलाई ब्रसले सफा गर्ने ।<br>११) नमिलेका भागहरु फेरी स्केचको आकृति अनुसार बनाउदै जाने ।<br>१२) फेरी ब्रसले सफा गर्ने । | **दिईएको (Given)**<br>बाँसको जरा ।<br><br>**कार्य (Task):**<br>मानिसको टाउको बनाउने ।<br><br>**मापदण्ड (Standard):**<br>• दुइवटा आंखाको बीचमा नाक बनाइएको ।<br>• ठीक नाक मुनि बीच भागमा मुख राखिएको ।<br>• आंखाको लाईनसंग एउटै सतहमा पर्ने गरी दुइतिर कान राखिएको । | • बाँसको जरा सम्बन्धी ज्ञान ।<br>• नाप स्केच सम्वन्धी जानकारी ।<br>• कार्भिङ्ग सम्वन्धी ज्ञान ।<br>• औजार सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- विभिन्न आकारको छिना, ब्रस, काठको हामर, करौटी, हाक स, सिसाकलम, गम, टेप, कैंची, रबर, चक्कु, खाग्सी, ज्यामिती बक्स ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- औजार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ५ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ४ घण्टा

कार्य **(Task)** : ६. बर्गाकार आकारमा कार्भिङ्ग गर्ने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र औजार संकलन गर्ने ।<br>२) अर्डर अनुसारको स्केच तयार गर्ने ।<br>३) स्केच र नापको राम्रो अध्ययन गर्ने ।<br>४) बांसको जरालाई बर्गाकार आकारमा निकाल्ने ।<br>५) स्केच अनुसार छिनाको सहायतामा विभिन्न बुट्टाहरु कोर्ने ।<br>६) बनाएको बुट्टा सफा गर्ने ।<br>७) बनाएको बुट्टा स्केच अनुसार छ छैन जांच गर्ने ।<br>(सामान्यतया फर्निचर, नक्शा, कलश, फूलहरु बनाउन बर्गाकार आकारमा कर्भिङ्ग गरिन्छ ) | <u>दिईएको **(Given)**</u><br>बांसको जरा ।<br><br><u>कार्य **(Task)**:</u><br>बर्गाकार आकारमा कार्भिङ्ग गने<br><br><u>मापदण्ड **(Standard):**</u><br>• बुट्टा एकनास बनाएको ।<br>• ठुलो सानोको बुट्टाको साइज मिलाउंदै गएको ।<br>• बुट्टा प्रष्ट हुने गरी सफा गरेको । | • कार्भिङ्गको परिचय ।<br>• कार्भिङ्ग गर्ने औजार सम्वन्धी ज्ञान ।<br>• बुट्टाको साइज सम्वन्धी ज्ञान ।<br>• स्केच र नाप सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- काठको हम्मर, बिभिन्न साइजका छिना, ब्रस, ज्यामिती बक्स ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- छिनाहरु चलाउंदा सावधानीका साथ चलाउनु पर्छ ।
- प्राथमिक उपचार सम्वन्धी जानकारी हुनु पर्छ ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ४ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ३ घण्टा

**कार्य (Task)** : ७. फूलको आकारको कार्भिङ्ग गर्ने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री र औजार संकलन गर्ने ।<br>२) अर्डर अनुसारको स्केच तयार गर्ने ।<br>३) फूलको स्केच र नापको अध्ययन गर्ने ।<br>४) बांसको जरा सफा गर्ने ।<br>५) छिनाको सहयोगले फूलको आकारको बुट्टा कोर्ने ।<br>६) आवश्यकता अनुसार पातहरुको पनि बुट्टा कोर्ने<br>७) ब्रसले बुट्टा कोरेको आकृति सफा गर्ने ।<br>८) बुट्टा सही छ, छैन जांच गर्ने । | **दिईएको (Given)**<br>बांसको जरा ।<br><br>**कार्य (Task):**<br>फुलको आकारको कार्भिङ्ग गर्ने<br><br>**मापदण्ड (Standard):**<br>• फुलको बुट्टा वा पातहरु एक नाश हुने गरी बुट्टा बनाएको ।<br>• पातको साइज क्रमैसंग बढाउंदै लगेको । | • फुलको बुट्टाको परिचय ।<br>• औजार सम्वन्धी ज्ञान ।<br>• बुट्टा सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- काठको हम्मर, छिना, रामो, ज्यामिती बक्स, पेन्सिल ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- छिना चलाउंदा सावधानीका साथ चलाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान र सुरक्षा अपनाउने ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ७ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ६ घण्टा

कार्य **(Task)** : ८. अनियमित आकारमा बुट्टा कोर्ने ।

| कार्य चरणहरु<br>**(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य<br>**(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान<br>**(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक औजार र सामाग्री संकलन गर्ने ।<br>२) अर्डर अनुसारको स्केच तयार गर्ने ।<br>३) नाप र स्केचको अध्ययन गर्ने ।<br>४) दिइएको नाप स्केच अनुसार विभिन्न आकार प्रकारका बुट्टा कोर्ने ।<br>जस्तैः अर्ध चन्द आकार<br>गोल आकार<br>पात आकार<br>फूल आकार<br>त्रिकोण आकार<br>स्वस्तिक आकार<br>५) बुट्टा सफा देखिने गरी ब्रसले सफा गर्ने ।<br>६) बुट्टाहरु स्केच अनुसार भएको छ छैन जांच गर्ने (सजावटका सामानहरु र नेपालको नक्शाको लागि यस किसिमका बुट्टाहरु बनाइन्छ ।) | **दिईएको (Given)**<br>बांसको जरा ।<br><br>**कार्य (Task):**<br>अनियमित आकारमा बुट्टा कोर्ने<br><br>**मापदण्ड (Standard):**<br>• नाप र स्केच अनुसार विभिन्न किसिमका आकृतिहरु निकाली बुट्टा कोरिएको । | • बुट्टाको परिचय ।<br>• औजार सम्वन्धी ज्ञान ।<br>• बुट्टा सम्वन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- काठको हम्मर, करौंती, हेक्सा, टेप, छिना, ब्रस, हाकस, ज्यामिती बक्स ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- औजार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान र सुरक्षा अपनाउने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ८ घण्टा
सैद्धान्तिक : २ घण्टा
प्रयोगात्मक : ६ घण्टा

कार्य **(Task)** : १०. गजुर आकारमा कार्भिङ्ग गर्ने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक औजार र सामाग्रीको संकलनगर्ने ।<br>२) अर्डर वा नमुना अनुसारको स्केच तयार गर्ने ।<br>३) नाप र स्केचको अध्ययन गर्ने ।<br>४) बांसको जरा ब्रसले सफा गर्ने ।<br>५) बांसको जरालाई त्रिकोण आकारमा कटिङ्ग गर्ने ।<br>६) मन्दिरको छानालाई सुहाउंदो आकारको बुट्टा कोर्ने ।<br>७) बुट्टाहरु स्पष्ट हुने गरी ब्रसले सफा गर्ने ।<br>८) स्केच बमोजिम भए नभएको चेक गर्ने ।<br>९) तयार भएको गजुर मन्दिर वा गेटमा आवश्यकता अनुसार जडान गर्ने । | **दिईएको (Given)**<br>बांसको जरा ।<br><br>**कार्य (Task):**<br>गजुर आकारमा कार्भिङ्ग गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>● त्रिकोणकार आकारमा बुट्टा कोरिएको ।<br>● नाप र स्केच अनुसार गजुर आकारको कार्भिङ्ग गरिएको । | ● बुट्टाको परिचय ।<br>● औजार सम्वन्धी ज्ञान ।<br>● बुट्टा सम्वन्धी ज्ञान ।<br>● सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- काठको हम्मर, करौंती, हेक्स, टेप, छिना, ब्रस, हाक स, खाग्सी ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- औजार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान र सुरक्षा अपनाउने ।

# कार्य विश्लेषण (Task Analysis)
## फिनिसिङ्ग

| मोड्यूल : ७ : फिनिसिङ्ग |
| --- |
| *समय : ५ घण्टा (सै) + २० घण्टा (प्र) = २५ घण्टा* |

**बर्णन** (**Description**) : यसमा बांसबाट उत्पादन हुने सामानहरु फिनिसिङ्ग गर्ने कार्यसंग सम्बधित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

**उद्धेश्य** (**Objective**) :

- फिनिसिङ्ग गर्ने ।

**कार्यहरु** (**Tasks**) :

१) नचाहिने भागहरु हटाउने ।
२) पुटिङ्ग लगाउने ।
३) खाग्सी लगाएर चिप्लो बनाउने ।
४) चप्रा लगाउने ।
५) Touch wood/Varnish लगाउने ।
६) सामान भण्डारण गर्ने ।
७) सामान प्याक गर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : २ घण्टा
सैद्धान्तिक : ३० मिनेट
प्रयोगात्मक : १ घण्टा ३० मिनेट

कार्य **(Task)** : १. नचाहिने भागहरु हटाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामाग्री संकलन गर्ने ।<br>२) अनावश्यक भाग पहिचान गर्ने ।<br>३) हटाउन चिन्ह लगाउने ।<br>४) चक्कु वा कैची वा ग्रेण्डर वा रामो प्रयोग गरी नचाहिने भाग हटाउने ।<br>५) सफा र चिप्लो बनाउने ।<br>६) ब्रसले सफा गर्ने । | **दिईएको (Given)**<br>तयार भएको बांसका सामान ।<br><br>**कार्य (Task):**<br>नचाहिने भागहरु हटाउने ।<br><br>**मापदण्ड (Standard):**<br>● सामानको सवै भाग चिप्लो भएको ।<br>● कतै पनि अनियमित भाग नदेखिएको । | ● अनावश्यक भाग पहिचान गर्ने ज्ञान ।<br>● नाप सम्वन्धी ज्ञान ।<br>● कुन ठाउंमा कस्तो औजार प्रयोग गर्ने भन्ने ज्ञान ।<br>● सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- चक्कु, कैची, खाग्सी, हेक्सो, ग्रेण्डर, Blow Lamp, चस्मा, पन्जा ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हतियार चलाउंदा सावधानी अपनाउने ।
- प्राथमिक उपचार सम्वन्धी ज्ञान र सुरक्षा अपनाउने ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : ३० मिनेट
प्रयोगात्मक : २ घण्टा .३० मिनेट

**कार्य (Task)** : २. पुटिङ्ग लगाउने ।

| कार्य चरणहरु<br>**(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य<br>**(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान<br>**(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामाग्री संकलन गर्ने ।<br>२) तयार गरिएका बस्तुहरुमा पुटिङ्ग लगाउनु पर्ने स्थानको पहिचान गर्ने ।<br>३) काठको धुलो, चक पाउडर, कलर र गम प्रयोग गरी पुटिङ्ग तयार पार्ने ।<br>४) आवश्यक स्थानमा हातमा पन्जा लगाई पुटिङ्ग लगाउने ।<br>५) अनावश्यक भागमा लागेको पुटिङ्ग पुछ्ने ।<br>६) पुटिङ्ग सुकेपछि खाग्सी लगाउने । | **दिईएको (Given)**<br>तयार गरिसेकेका बांसका सामान ।<br>**कार्य (Task):**<br>पुटिङ्ग लगाउने ।<br>**मापदण्ड (Standard):**<br>● पुटिङ्ग लगाएको भाग नदेखिने गरी सफा गरेको ।<br>● लगाएको भागमा फेरी प्वाल वा चिरा नदेखिएको । | ● सम्वन्धित कामको ज्ञान ।<br>● पुटिङ्ग बनाउने ज्ञान ।<br>● पुटिङ्ग लगाउनु पर्ने स्थानको पहिचान गर्ने ज्ञान ।<br>● सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- गम, काठको धुलो वा चक पाउडर, पेचकस, पन्जा ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- पुटिङ्ग लगाउंदा हल्का संगले लगाउने ।
- प्वालका चिरा, प्वाल राम्रो संग टाल्नुपर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : ३० मिनेट
प्रयोगात्मक : २ घण्टा .३० मिनेट

**कार्य (Task)** : ३. खाग्सी लगाएर चिप्लो बनाउने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) कुन बस्तुमा खाग्सी लगाउनु पर्ने हो सो को पहिचान गर्ने ।<br>३) सामानको प्रकार अनुसार खाग्सीको नम्बर पहिचान गरी छान्ने ।<br>४) हल्का संगले सवै भागमा खाग्सी लगाउने ।<br>५) ब्रसले सफा गर्ने । | <u>**दिईएको (Given)**</u><br>तयार गरिसेकेका बांसका सामान ।<br><br><u>**कार्य (Task)**:</u><br>खाग्सी लगाएर चिप्लो बनाउने<br><br><u>**मापदण्ड (Standard):**</u><br>● सामानको प्रकार र बनावट अनुसार खाग्सीको नम्बर चयन गरेको ।<br>● अनावश्यक भाग खाग्सी लगाई हटाएको ।<br>● समान रुपमा सवै भागमा खाग्सी लगाई चिल्लो र चिप्लो बनाएको । | ● सम्वन्धित कामको ज्ञान ।<br>● खाग्सीको खाग्सीको नम्बर सम्बन्धी ज्ञान ।<br>● खाग्सीको कार्यको ज्ञान ।<br>● सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- खाग्सी, ब्रस ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- हातमा नघोचोस भनेर पहिला झुरा निस्केको ठाउंमा लगाउने ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ७ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ६ घण्टा

**कार्य (Task)** : ४. चप्रा लगाउने ।

| कार्य चरणहरु<br>**(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य<br>**(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान<br>**(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्री संकलन गर्ने ।<br>२) स्प्रिटलाई ठूलो बिर्को भएको भाडामा राख्ने ।<br>३) चप्रा टुक्राउने र स्प्रिटमा राख्ने र घाममा टटाउने ।<br>४) स्प्रिट र चप्राको मिश्रणलाई चप्रा घोल्ने गरी चलाउने ।<br>५) घोलिकेको मिश्रणलाई सानो भाडामा अलि अलि खन्याउने ।<br>६) मलमलको कपडाको सहयोगले सामानमा रंग लगाउने ।<br>७) रंग लगाउंदा समान रुपमा एकातिरबाट लगाउने ।<br>८) चप्रा लगाउंदा भांडोको बिर्को बन्द गर्ने ।<br>९) चप्रा लगाएको सामान घाममा केही समय सुकाउने<br>१०) रंग राम्रो नलागेको देखिएमा पुनः रंग लगाउने । | **<u>दिईएको (Given)</u>**<br><br>तयार गरिसेकेका बांसका सामान ।<br><br>**<u>कार्य (Task)</u>:**<br>चप्रा लगाउने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>• समान तरीकाले रंग (चप्रा) लगाएको ।<br>• चप्रा लगाएपछि सामान तल्किएको । | • चप्राको परिचय ।<br>• चप्रा र स्प्रिटको मिश्रणको मात्रा सम्वन्धी ज्ञान ।<br>• कति समय चप्रा लगाउने भनने ज्ञान ।<br>• घाम रंग सुकाउने ज्ञान । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- भांडा, पन्जा, कपडा, स्प्रिट, चप्रा, खाग्सी ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्राथमिक सुरक्षा सम्वन्धी जानकारी हुनु पर्ने ।

# कार्य विश्लेषण (Task Analysis)

कुल समय : ४ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : ३ घण्टा

**कार्य (Task) : ५. Touch wood/Varnish लगाउने ।**

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राविधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामग्रीको संकलन गर्ने ।<br>२) हल्का कपडालाई Touch Wood मा चोप्ने ।<br>३) Touch wood मा चोपेको मलमल कपडा वा ब्रसले हल्कासंग बांसबाट बनाएका तयारी सामानमा लगाउने ।<br>४) बाक्लो भै धर्का वा थोपा देखिएमा थिनर वा स्पिरिट लगाई कपडाले हल्का पुछेर चिप्लो बनाउने । | **<u>दिईएको (Given)</u>**<br><br>तयार गरिसेकेका बांसका सामान ।<br><br>**<u>कार्य (Task)</u>**:<br>Touch wood/Varnish लगाउने ।<br><br>**<u>मापदण्ड (Standard):</u>**<br>• Touch wood/Varnish लगाउंदा मलमल कपडा ब्रस प्रयोय गरिएको<br>• समान तरिकाले एकनासले लगाएको ।<br>• एकै ठाउंमा दोहोर्‍याइ तेहेर्‍याई नलगाएको । | • सम्बन्धीत कामको ज्ञान ।<br>• कलरको ज्ञान ।<br>• लगाउने तरीकाको ज्ञान ।<br>• Touch wood/ Varnish सम्बन्धी ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- Touch wood/Vernish, पन्जा, मलमल कपडा ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्राथमिक सुरक्षा सम्वन्धी जानकारी हुनु पर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : १ घण्टा
प्रयोगात्मक : २ घण्टा

**कार्य (Task)** : ६. सामान भण्डारण गर्ने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक स्थानको चयन गर्ने ।<br>२) भण्डारणलाई हावा पास हुने न्यानो ओभानो स्थानको व्यवस्था मिलाउने ।<br>३) भण्डार क्षेत्र सफा राख्ने ।<br>४) सामानको प्रकृति हेरेर र्‍याकहरुको व्यवस्था गरी भण्डारण गर्ने ।<br>५) फर्मालीनले स्प्रे गर्ने । | <u>**दिईएको (Given)**</u><br>सामान भण्डारण गर्ने स्थान, तयार गरिसेकेका सामान ।<br><br><u>**कार्य (Task):**</u><br>सामान भण्डारण गर्ने ।<br><br><u>**मापदण्ड (Standard):**</u><br>• भण्डारण स्थान सफा राखेको ।<br>• ढुसी आउन नदिएको ।<br>• सामान मिलाएर राखेको ।<br>• फर्मालीनले स्प्रे गरेको । | • भण्डारण सम्वन्धी ज्ञान ।<br>• फर्मालीन सम्बनधी ज्ञान<br>• स्प्रे गर्ने तरिकाको ज्ञान ।<br>• सुरक्षा र सावधानी । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- कुचो, स्प्रे, फर्मालिन ।

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- चश्मा, मास्क, पन्जा प्रयोग गर्ने ।
- प्राथमिक सुरक्षा सम्वन्धी जानकारी हुनु पर्ने ।

## कार्य विश्लेषण (Task Analysis)

कुल समय : ३ घण्टा
सैद्धान्तिक : ३० मिनेट
प्रयोगात्मक : २ घण्टा ३० मिनेट

**कार्य (Task)** : ७. सामान प्याक गर्ने ।

| कार्य चरणहरु **(Steps)** | अन्तिम कार्यसम्पादन उद्देश्य **(Terminal performance objective)** | सम्बन्धित प्राबिधिक ज्ञान **(Related technical knowledge)** |
|---|---|---|
| १) आवश्यक सामाग्रीको व्यवस्था गर्ने ।<br>२) सामानको आकार हेरी प्लाष्टिक लिने ।<br>३) सामानलाई प्लाष्टिकले चारैतिरबाट मोड्ने ।<br>४) हावा नछिर्ने गरी प्लाष्टिकलाई सिल गर्ने ।<br>५) सामानको आकार अनुसार कार्टुनको व्यवस्था गर्ने ।<br>६) आवश्यक परे Tag वा अन्य संकेटहरु समेत टास्ने । | **दिईएको (Given)**<br>पूर्ण रुपमा तयार गरिसेकेका बांसका सामान ।<br><br>**कार्य (Task):**<br>सामान प्याक गर्ने ।<br><br>**मापदण्ड (Standard):**<br>• सामानलाई नकुचिने गरी प्याक गरेको ।<br>• प्लाष्टिकलाई एयर टाइड हुने गरी सिल गरिएको ।<br>• सामानको आकार अनुसार कार्टुनको प्रयोग गरेको । | • कामको ज्ञान ।<br>• भित्र राखेको सामान असर नपारी सिल गर्ने ज्ञान । |

**औजार,उपकरण र सामाग्रीहरु (Tools, Equipment and Materials):**

- प्लाष्टिक, स्टिच पिन, सिल गर्ने हिटर वा मैनबत्ती, सलाई

**सुरक्षा/साबधानीहरु (Safety/Precautions):**

- प्राथमिक सुरक्षा सम्वन्धी जानकारी हुनु पर्ने ।

# मोड्युल : ८ : व्यावसायिकता विकास तथा संचार

*समय : २ घण्टा (सै) + ८ घण्टा (प्र) = १० घण्टा*

**बर्णन** (**Description**): यसमा पेशासँग सम्बन्धित व्यावसायिकता विकास  र संचारसंग सम्बन्धित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

**उद्वेश्यहरु** (**Objectives**) :
यस मोड्युलको अन्तमा प्रशिक्षार्थीहरु निम्न कार्यहरु गर्न सक्षम हुनेछन् :

- व्यावसायिकता विकास गर्न ।
- पेशागत संचार गर्न ।

**कार्यहरु** (**Tasks**) :

*व्यावसायिकता बिकास :*

१. तालिममा सहभागि हुने ।
२. क्याटलग अध्ययन गर्ने ।
३. टेलिभिजन कार्यक्रमहरु हेर्ने ।
४. मार्केटिङ्ग गर्ने ।
५. प्रदर्शनीमा भाग लिने ।
६. इन्टरनेट साईटहरु खोज गर्ने ।

*पेशागत संचार :*

१. मौखिक संचार गर्ने ।
२. टेलिफोनबाट संचार गर्ने ।
३. ग्राहकसँग संचार गर्ने ।
४. स्थानीय बजारमा समन्वय गर्ने ।

# मोड्यूल : ९

## उद्यमशिलता विकास

# उद्यमशीलता विकास
# Entrepreneurship Development

| *समय : १८ घण्टा (सै) + २२ घण्टा (ब्या) = ४० घण्टा* |
|---|
| **वर्णन:**<br>आफ्नै व्यवसाय/लघु उद्यम सुरु गरी स्वरोजगार हुन चाहने व्यक्तिहरुको लागि आवश्यक ज्ञान तथा सीपयुक्त जनशक्ति तयार गर्ने उद्देश्यले यो उद्यमशिलता विकास सम्बन्धि मोड्यूल तयार पारिएको हो । यसमा उद्यमको परिचय, उपयुक्त व्यवसायिक विचारको खोजी, व्यावसायिक योजना तयारीको लागि व्यावसायिक विचारको विकास जस्ता विषय वस्तुहरु समावेस गरिएका छन् । |
| **उद्देश्य:**<br>यस मोड्यूलको समापनपछि विद्यार्थीहरुले निम्न कार्यहरु गर्न सक्षम हुनेछन्:<br>१. उद्यम तथा स्वरोजगारको अवधारणा बुझ्ने ।<br>२. आफ्नो व्यवसायको लागि उपयुक्त हुने व्यवसायिक विचारको प्रस्फुटन गर्ने ।<br>३. व्यावसायिक योजनाको तयारी गर्न सिक्ने ।<br>४.व्यवसायिक अभिलेख राख्न प्रशिक्षित हुने । |
| **कार्यहरु**<br>१. व्यवसाय/उद्यमको अवधारणा व्याख्या गर्ने ।<br>२. उद्यमशीलता सम्बन्धि मनोवृति विकास गर्ने ।<br>३. सम्भावित व्यवसायिक विचारको श्रृजना गर्ने ।<br>४. व्यवसायिक योजनाको तयारी गर्ने ।<br>५. व्यवसायको आधारभूत अभिलेख तयारी गर्ने । |

| क्र.सं. | कार्यहरु | सम्बन्धित प्राविधिक ज्ञान | समय (घण्टमा) | | |
|---|---|---|---|---|---|
| | | | सै. | ब्या. | जम्मा |
| १ | व्यवसाय/उद्यमको अवधारणा व्याख्या गर्ने । | • व्यवसाय/उद्यमको परिचय<br>• व्यवसाय/उद्यमको वर्गिकरण<br>• लघु, साना तथा मझौला उद्योगको जानकारी<br>• स्वरोजगारी र तलवी व्यक्तिको फाईदा तथा बेफाईदाहरु | ४ | | ४ |
| २ | उद्यमशीलता सम्बन्धि मनोवृति विकास गर्ने । | • सफलताको जिवनचक्र<br>• जोखिम लिने मनोवृति | ३ | | ३ |
| ३ | सम्भावित व्यवसायिक विचारको श्रृजना गर्ने । | • व्यवसायिक विचारको श्रृजना<br>• व्यवसायिक विचारको मुल्याङ्कन | १ | २ | ३ |
| ४ | व्यवसायिक योजनाको तयारी गर्ने । (प्रत्येक प्रशिक्षार्थीले १/१ वटा व्यावसायिक योजना तयार गरी प्रस्तुति गर्ने) | • बजार तथा बजारीकरणको अवधारणा<br>• वस्तु तथा सेवाको वर्णन<br>• व्यवसाय गर्ने स्थानको छनौट<br>• बजार हिस्साको अनुमान | ९ | १८ | २७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • प्रवर्द्धनात्मक कृयाकलाप<br>• अचल सम्पत्ति तथा लागतको विश्लेषण<br>• कच्चा पदार्थ तथा लागत मुल्याङ्कन<br>• कार्यान्वयन प्रकृयाको वर्णन<br>• मानव संसाधन तथा लागत विश्लेषण<br>• शिर्षभार खर्च तथा युटिलिटिज विश्लेषण<br>• चालू पूजीको अनुमान तथा कूल आवश्यक पूजीको विश्लेषण<br>• वस्तुको उत्पादन लागत तथा मूल्य निर्धारण<br>• लगानीमा प्रतिफल तथा पार विन्दु विश्लेषण<br>• सूचना संकलन प्रकृया तथा निर्देशिका | | | |
| ५ | व्यवसायको आधारभूत अभिलेख तयारी गर्ने । | • दैनिक खाता (Day Book)<br>• विक्री खाता<br>• खरिद तथा खर्च खाता<br>• साहु असामी वा लिनु दिनु पर्ने खाता । | १ | २ | ३ |
| | **जम्मा** | | १८ | २२ | ४० |

***Textbook:***

*क) प्रशिक्षकहरुका लागि निर्मित निर्देशिका तथा प्रशिक्षण सामग्री, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, २०६९*

*ख) प्रशिक्षार्थीहरुका लागि निर्मित पाठ्यसामग्री तथा कार्यपुस्तिका, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (अप्रकाशित), २०६९*

***Reference book:***

*Entrepreneur's Handbook, Technonet Asia, 1981*

# सामान्य गुणस्तर सूचक
## उपलब्धि तह

| क्र.सं | मापक | उद्देश्य प्रमाणीकरण हुने सूचक | प्रमाणीकरणको साधन |
|---|---|---|---|
| १. | श्रम बजारमा तालीमको आवश्यकता छनोट गर्ने विधि/उपाय | तालीमको आवश्यकता निर्धारण, द्रुत बजार सम्भावना सर्वेक्षण वा उपयुक्त विधि अवलम्बन गरी कम्तीमा वर्षको एकपटक स्थानीय बजारमा माग हुने दक्ष/सीपयुक्त कामदारका लागि आवश्यक तालीम प्रतिबिम्बित हुनेगरी बजार अवलोकन मार्फत सम्भावना पत्ता लगाइन्छ | टिएमए अथवा द्रुतबजार सर्वेक्षण प्रतिवेदन |
| | | टी.र ई. उद्योग वाणिज्य सङ्घका कार्यालयमा नियमित भेट्नुका साथै स्थानीय उद्योग व्यवसायी र ठूला उद्योगपतिका प्रतिनिधि समेत स्थानीय रूपमा रोजगारी उपलब्ध गराउने विषयका बैठकमा सहभागी हुनेछन् र तालीमबारे समीक्षा गर्छन् । | बैठकको सङ्ख्या, सहभागीहरूको नामावली र बैठकपुस्तिका |
| २. | भिएसटीमा राम्रो पहुँचका लागि प्रयोग गरिएको योजनाहरू | तालीम सम्बन्धी आवश्यकताका सूचना स्थानीय पत्रपत्रिका र एफएम लगायत आम सञ्चारका माध्यमबाट व्यापक प्रसारण गरिन्छन् । साथै यस्ता स्थानीय एफएम, पोस्टर र स्थानीय सामुदायिक कार्यकर्ता समेतको माध्यमबाट घोषणा गरिन्छ । | सञ्चार माध्यमबाट प्रसारण भएका सूचनाका विषयहरू र प्रसारण सङ्ख्या |
| | | प्रशिक्षार्थीहरू कार्यक्रमको प्रशिक्षार्थी छनोट निर्देशिकामा उल्लेख भएको विधि अपनाइ छनोट गरिन्छ । | छनोट प्रक्रिया र छनोट गरिएका तालीम लिने व्यक्तिहरूको जानकारी, योग्यता र सूची |
| ३. | तालीम सम्बन्धी पाठ्यक्रम र तालीम पुस्तिकाको उपलब्धता | सिटिइभिटीद्वारा गुणस्तर कायम गरी बनाइएको पाठ्यक्रम प्रशिक्षकहरूलाई उपलब्ध गराइन्छ । | तालीम अवलोकन प्रतिवेदन |
| | | तालीम पुस्तिका तथा तालीम सामग्रीहरू सिटिइभिटीको स्तरीय पाठ्यक्रमलाई आधार मानी निर्माण गरिन्छ । यसलाई स्थानीय श्रम बजार अनुकुलको बनाइन्छ । | तालीम पुस्तिका/अन्य साधन |
| ४. | तालीम दिने व्यक्तिहरूको छनौट | कम्तीमा दुइ वटा । | तालीमकर्ताहरूको विस्तृत जानकारी |
| | | दुईजना प्रशिक्षकमध्ये कम्तीमा एकजनाले आठ कक्षा उत्तीर्ण गरी सम्बन्धित व्यवसायको कम्तिमा ५ बर्षको कार्य अनुभव हासिल गरेको अथवा सम्बन्धित विषयमा तीन वर्षको कार्य अनुभव भएको हुनु पर्नेछ । | सबै तालीमकर्ताहरूको विस्तृत जानकारी |
| | | त्यस्तै दुईजना प्रशिक्षकमध्ये कम्तीमा एकजनाले निर्धारीत पाँचदिने प्रशिक्षार्थी प्रशिक्षक तालीम सफलता पूर्वक सम्पन्न गरेको हुनुपर्ने र आधारभूत/प्रारम्भिक सीप तहका लागि राष्ट्रिय रूपमा प्रतिष्ठित संस्था जस्तै-टिआइटिआईबाट चारदिने तालीम सम्पन्न गरेको हुनुपर्ने | सबै तालीमकर्ताहरूको विस्तृत जानकारी |
| | | समग्र कार्यक्रम तालीमको पाठ्यक्रम र तालीम सामग्रीहरूबारे तालीम हनुअघि नै तालिमका सबै प्रशिक्षकहरूलाई अभिमुखीकरण तालीम दिईन्छ । | तालीम अगाडिको अभिमुखीकरण प्रतिवेदन |
| ५. | नियमित तालीम व्यवस्थापन | तालीमको सुरुआत, अन्त्य, कार्यगत तालिम, पदस्थापन योजना, सीप परीक्षण मिति, रोजगारी स्थापना सम्बन्धी योजना र तालीमपछिको सहयोग योजनाजस्ता विषयहरूलाई समेटेर उपयुक्त समयमा तालीम पात्रोको निर्माण हुने । | तालीम पात्रो |

## प्रक्रियागत तह

| क्र.सं | मापक | उद्देश्य प्रमाणीकरण हुने सूचक | प्रमाणीकरणको साधन |
|---|---|---|---|
| १. | तालीममा सहभागिता | प्रशिक्षार्थीहरू लिङ्ग, जाती, जनजाती, शिक्षाको तह र भौगोलिता लगायत समग्र क्षेत्रहरू र त्यो सम्बन्धित योग्य एवं सम्बन्धित क्षेत्रको लक्षित समूहलाई ध्यानमा राखेर छानिन्छ । | तालीम लिनेहरूको सूची |
| | | एउटा समूहमा बढीमा २० जना । | तालीम लिनेहरूको सूची<br>तालीम अवलोकन प्रतिवेदन |
| | | कम्तीमा ८०% प्रशिक्षार्थीहरू तालीमको पूरा अवधीभर उपस्थित हुन पर्ने । | सहभागीहरूको हाजिरी पुस्तिका, तालीम अवलोकन प्रतिवेदन |
| २. | तालीमकर्ताको संलग्नता | प्रशिक्षार्थी र प्रशिक्षकको अनुपात सैद्धान्तिक तालीमको अवधिमा बढीमा २० जना प्रशिक्षार्थी = एकजना प्रशिक्षक र व्यावहारिक तालीमको अवधिमा १० जनाप्रशिक्षार्थी=एकजना प्रशिक्षक हुनुपर्ने । | तालीम अवलोकन प्रतिवेदन<br>तालीम सत्र योजना |
| ३. | भौतिक साधन | तालिम कार्यक्रमको दस्तावेजमा उल्लेख भए अनुसारको भौतिक सुविधा पर्याप्त मात्रामा उपलब्ध हुनुपर्ने ।<br>नियमित पानी र हात धुने साबुन सहितका पुरुष र महिला शौचालय छुट्टाछुट्टै व्यवस्था हुनपर्छ । | तालीम अवलोकन प्रतिवेदन |
| | | सबैखाले सामग्री र मेसिनहरूको प्रयोग गर्दा अवलम्बन गर्ने सुरक्षा विधिहरूको व्यवस्था, सुरक्षासँग सम्बन्धित जानकारी र त्यससँग सम्बन्धित वस्तुहरूको सूची कार्यशाला तथा प्रयोगशालामा टाँसिएको हुनपर्छ । प्रशिक्षार्थी एवम् प्रशिक्षकहरूलाई स्वास्थ्य र सुरक्षाको उपायहरूबारे निर्देशन दिइन्छ । प्राथमिक उपचार बाकस नियमित रूपमा (औषधीसहित) सम्बन्धित कक्षमा उपलब्ध रहन्छ । साथै, त्यो बाकसमा प्राथमिक उपचारसँग सम्बन्धित चिह्न पनि स्पष्ट रूपमा लेखिन्छ । प्रशिक्षार्थीहरूलाई कसरी प्राथमिक उपचार गर्ने भन्ने विधिको जानकारी गराइन्छ । | तालीम अवलोकन प्रतिवेदन<br>तालीम सत्र योजना |
| ४. | व्यावहारिक तालीम सम्बन्धी व्यवस्था | सैद्धान्तिक कक्षा र व्यावहारिक कक्षाको अनुपात २० सैद्धान्तिक कक्षा = ८० व्यावहारिक कक्षा हुन्छ । | तालीम अवलोकन प्रतिवेदन<br>तालीम सत्र योजना |
| | | प्रत्येक प्रशिक्षार्थीहरूले आ-आफ्नो व्यवसायसँग सम्बन्धित साधन/मेसिनहरूमा मात्रै आफ्नो अभ्यास र अन्य काम गर्नुपर्छ । साथै, अन्य सामग्री पेसा/सीपसँग सम्बन्धित रही वर्गीकरण गरेर राखिएको क्षेत्रमा गुणस्तर निर्धारण हुनेगरी सोही स्थानमा सबै प्रशिक्षार्थीले सम्बन्धित रही काम गरेको हुनुपर्छ । | तालीम अवलोकन प्रतिवेदन<br>तालीम सत्र योजना |
| | | स्तरीय पाठ्यक्रम बमोजिम सबै प्रशिक्षार्थी कार्यगत तालीम, औद्योगिक अभ्यास, सीप प्रदर्शन भ्रमण लगायत गतिविधिमा अनिवार्य सहभागी हुनुपर्छ । | तालीम अवलोकन प्रतिवेदन<br>कार्यगत तालिम पदस्थापनको औद्योगिक अभ्यास र सीप पदर्शन भ्रमणको सूची |

| क्र.सं | मापक | उद्देश्य प्रमाणीकरण हुने सूचक | प्रमाणीकरणको साधन |
|---|---|---|---|
| ५. | नरम तथा व्यावसायिक सीप तालीमको व्यवस्था | सबै प्रशिक्षार्थीलाई श्रमअधिकार, एचआइभी/एड्स, प्रजनन् स्वास्थ्य, व्यवसायिक सीप तालीम, जीवनोपयोगी तालीम र वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण जस्ता आफ्नो आवश्यकता अनुसारका तालीम मा पहुँच पुऱ्याइन्छ। | तालीम अवलोकन प्रतिवेदन तालीम सत्र योजना |
| ६. | तालीम दिने योजना तथा त्यसलाई लागू गर्ने विधि | सम्पूर्ण तालीम कार्यविधि तालीम पात्रोअनुसार नै लागू गरिन्छ। | तालीम अवलोकन प्रतिवेदन तालीम पात्रो |
| | | पाठ्यक्रम र तालीम पात्रोअनुसार तालीमको दैनिक पाठयोजना बनाइन्छ र त्यससम्बन्धी दैनिक कार्य पुस्तिकाको व्यवस्था हुनुपर्छ। | तालीम अवलोकन प्रतिवेदन |
| | | सिटिइभिटीबाट गुणस्तर कायम गरी निर्धारण गरिएको पाठ्यक्रमलाई तालीममा लागु गरिन्छ र त्यसैअनुसार बनाइएको तालीम पुस्तिकालाई प्रशिक्षक र प्रशिक्षार्थीहरूले प्रयोग गर्छन्। | तालीम सत्र योजना, तालीम गतिविधि, अवलोकन प्रतिवेदन |
| ७. | पदस्थापन र सरसल्लाह सम्बन्धी सहयोगको व्यवस्था | रोजगारीको पदस्थापना र अन्य स्थान विशेष सल्लाहहरू उपयुक्त कर्मचारीहरूद्वारा पर्याप्त मात्रामा उपलब्ध गराइन्छ। | अवलोकन प्रतिवेदन |
| | | प्रशिक्षार्थी छनौट गर्न र सीप परीक्षाको लागि रोजगारदाताहरू मध्येका विशिष्ठ र सम्बन्धित क्षेत्रमा विशिष्ठता हासिल गरका दक्ष व्यक्तिहरूलाई सामेल गराइन्छ। रोजगारदाताहरूले नै कार्यगत तालीमको सुविधा उपलब्ध गराउँछन्। सफल प्रशिक्षार्थीहरूलाई तीलीमपछि तत्काल रोजगारी उपलब्ध गराइन्छ। | अवलोकन प्रतिवेदन, रोजगारी र आम्दानी प्रमाणीकरण प्रतिवेदन |
| | | सफल प्रशिक्षार्थीहरूलाई ऋण सुविधा र व्यवसाय स्थापना गर्न आवश्यक पर्ने 'सिड मनी' उपलब्ध गराई उद्योग व्यवसायको स्थापना र प्रवर्द्धन गराउन उनीहरूलाई तालीमपछि आर्थिक कारोबार गर्ने संस्थाहरूसँग सम्बन्ध स्थापना गराई सहयोग प्रदान गर्ने। | अवलोकन प्रतिवेदन, तालीम दिने संस्था र वित्तिय संस्थाहरू बीचको करारपत्र |

## परिणाम/उपलब्धि तह

| क्र.सं | मापक | उद्देश्य प्रमाणीकरण हुने सूचक | प्रमाणीकरणको साधन |
|---|---|---|---|
| १. | तालीम पूरा गर्ने दर | प्रशिक्षार्थीमध्ये १० प्रतिशत भन्दा बढीले तालीम अधुरो पारी बिचमा नछोड्ने । | प्रशिक्षार्थीहरूको सूची |
| २. | क्षमता/सीप परीक्षा | कम्तीमा ९० प्रतिशतभन्दा बढीले तालीम पूरा गरी सीप परीक्षा दिने । | एनएसटिबी सीप परीक्षाको परिणाम |
| | | कम्तीमा८०प्रतिशत प्रशिक्षार्थीहरूलेसीप परीक्षाउत्तीर्ण गर्नुपर्ने । | एनएसटिबी सीप परीक्षाको परिणाम |
| ३. | सफल प्रशिक्षार्थीहरूको पदस्थापन दर | प्रत्येक तालीमबाट सफल ६० प्रतिशत प्रशिक्षार्थीलाई रोजगारीको व्यवस्था भएको/रोजगारी पाएका छन् । | आम्दानी प्रमाणीकरण प्रतिवेदन/ ट्रेसर अध्ययन प्रतिवेदन |
| | | रोजगार पाएका प्रशिक्षाथीहरूले विशेष रूपमा व्यवस्था गरिएको वर्गीकरण (यदि गरेको भएमा) अनुसारको सामान्य अवस्थाको आम्दानी गरेका छन् । | आम्दानी प्रमाणीकरण प्रतिवेदन/ ट्रेसर अध्ययन प्रतिवेदन |
| ४. | तालीमबाट प्राप्त सीपहरूको कार्यस्थलमा भएको प्रयोग बारे | ९० प्रतिशत जागिरमा संलग्न प्रशिक्षाथीहरूले आफ्नो सीपसँग सम्बन्धित व्यावसायिक तालीममा संलग्न भएको हुनुपर्छ । | आम्दानी प्रमाणीकरण प्रतिवेदन/ ट्रेसर अध्ययन प्रतिवेदन |
| | | कम्तीमा ८० प्रतिशत रोजगारमा संलग्न प्रशिक्षार्थीहरू आफ्नो कामप्रति सन्तुष्ट रहेको साथै ६० प्रतिशत रोजगारदाताहरू प्रशिक्षार्थीहरूको कार्यबाट सन्तुष्ट रहेको देखिन्छ । रोजगारदाताहरू तालीमबाट प्रशिक्षार्थीहरूले पाएको सीपबाट सन्तुष्ट छन् । | ट्रेसर अध्ययन प्रतिवेदन रोजगारदाताहरूको सर्वेक्षण |

# औजार तथा सामग्रीहरू

| क.सं. | नाम | संख्या |
|---|---|---|
| १. | नाप्ने टेप | २० वटा |
| २. | फलामको हामर (सानो साईज) | २० वटा |
| ३. | हाक सः | २० वटा |
| ४. | ब्रस | १० वटा |
| ५. | रामो (विभिन्न साईज) | ५ सेट |
| ६. | बाल्टिन (२० लिटर) | ५ वटा |
| ७. | ज्यामिती बक्स | २० वटा |
| ८. | एप्रोन | २० वटा |
| ९. | पञ्जा | २० जोर |
| १०. | मास्क | २० वटा |
| ११. | प्लायर | २० वटा |
| १२. | वाटर टैंक | १ वटा |
| १३. | चक्कु | २० वटा |
| १४. | बेन्च भाइस | २ वटा |
| १५. | सी भाइस | ६ वटा |
| १६. | गन स्टोभ | २ वटा |
| १७. | ड्रिल मेशिन | २ वटा |
| १८. | कैंची | २० वटा |
| १९. | कटिङ्ग मेशिन | १ वटा |
| २०. | टेबुल ग्राइन्डर | १ वटा |
| २१. | हायण्ड ग्रायण्डर | २ वटा |
| २२. | टेबल Jig Saw | १ वटा |
| २३. | हायण्ड Jig Saw | २ वटा |
| २४. | Electric Plainer | २ वटा |
| २५. | Manual Plainer | ५ वटा |
| २६. | पेचकस | ५ सेट |
| २७. | सिल ढुङ्गा | ५ वटा |
| २८. | खाग्सी (विभिन्न नम्बरका) | ५ दर्जन |
| २९. | फाइल | ५ वटा |
| ३०. | चुपी | ५ वटा |
| ३१. | करौटी | ५ वटा |
| ३२. | जम्बु | ५ वटा |
| ३३. | मलमल कपडा | ५ मीटर |
| ३४. | स्प्रीट | १० लिटर |
| ३५. | चप्रा | १ किलो |
| ३६. | थिनर | २ लिटर |
| ३७. | Touch Wood/Wood Finn | २ लिटर |
| ३८. | ग्यास | १ सिलिण्डर |

| | | |
|---|---|---|
| ३९. | Glue | २० किलो |
| क.सं. | **नाम** | **सङ्ख्या** |
| ४०. | किल्ला (विभन्न साइज) | २ किलो |
| ४१. | पेपर नाइफ | २० वटा |
| ४२. | पेपर नाइफ Blade | ५ दर्जन |
| ४३. | जिन्स कपडा | १० मीटर |
| ४४. | First Aid Box | १ सेट |
| ४५. | मेटल ड्रम | १ वटा |
| ४६. | Treatment Chemical (Hydrogen Peroxide, Boric Acid, Sodium Sulpate, मट्टीतेल, सुर्ति तितेपाती, कास्तिक सोडा, फर्मालिन) | आवश्यकतानुसार |
| ४७. | रेती | ५ वटा |
| ४८. | स्लाईड रेन्च | १ वटा |
| ४९. | सादा कापी | २ दर्जन |
| ५०. | सिसाकलम | २ दर्जन |
| ५१. | बटाम | ५ वटा |
| ५२. | पेन्टिङ्ग ब्रस | १ दर्जन |
| ५३. | विभिन्न रंगको पाउडर (अक्साईड) | ५ किलो |
| ५४. | पेन्टिङ्ग कलर | २ सेट |
| ५५. | क्लिप | २०० वटा |
| ५६. | प्लाष्टिक | आवश्यकतानुसार |
| ५७. | स्टायपलर मेशिन | १ वटा |
| ५८. | काठको हामर | १० वटा |
| ५९. | Sealing Heater | १ वटा |
| ६०. | विभिन्न साइजको छिना | ६ वटा |
| ६१. | कुचो | ५ वटा |
| ६२. | ब्लो लायम्प | १ वटा |
| ६३. | मेटल हैंगर | १ दर्जन |
| ६४. | प्लाष्टिक स्केल (१२ इन्च) | १ दर्जन |
| ६५. | त्वन | आवश्यकतानुसार |
| ६६. | सुइरो | ६ वटा |
| ६७. | र्‍याग | ५ वटा |